का.जि.प्र.का.द.नं. १००/०५९/६०

❒ वर्ष १९, अंक १६७
❒ १८ साउन २०७८, सोमबार
❒ 2 August 2021, Monday
www.madhyanhadaily.com
पृष्ठ १२ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक



*निरीक्षणको क्रममा हेलिकप्टरबाट आइतबार बिहान लिएको हेलम्बु गाउँपालिका-१ भेमाथाङमा गएको पहिरोको दृश्य । भेमाथाङमा पहिरो गएर मेलम्ची थुनिएपछि बाढी आएको अनुमान गरिएको छ । तस्बिर: देवराज सुवेदी, रासस*

# बोलीमा एकता व्यवहारमा विभाजन



आन्तरिक मतभेद बीच एकताको प्रयास भइरहेको नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली र बरिष्ठ नेता माधवकुमार नेपाल समूहका नेताहरुको बोली र व्यवहार भने मेल खाँदैन । बोलीमा एकता भन्ने नेताहरुको गतिविधि भने विभाजनकारी छ ।

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, १७ साउन ।

नेकपा एमालेले आगामी मंसिरमा दशौं महाधिवेशन गर्नेगरी कार्यतालिका प्रस्ताव गरेको छ । तुलसीलाल स्मृति भवनमा आइतबार बसेको स्थायी कमिटी बैठकले मंसिरमा महाधिवेशन गर्नेगरी कार्यतालि प्रस्ताव गरेको हो । प्रस्तावित कार्यतालिका अनुमोदन गराउने आगामी २४ साउनमा केन्द्रीय कमिटी बैठक समेत बोलाइएको छ ।

बरिष्ठ नेता माधवकुमार नेपाल समूहका नेताहरुको अनुपस्थितिमा बसेको बैठकमा अध्यक्ष केपी शर्मा ओलीले दशौं राष्ट्रिय महाधिवेशनको प्रस्ताव गरेका हुन् । उनका प्रस्ताव अनुसार, संगठित सदस्यता नवीकरण २७ साउनभित्र हुनेछ । ३ असोजमा देशभर वडा अधिवेशन र ९ असोजमा स्थानीय तहको अधिवेशन हुनेछ । सँगै, यसअघि रोकिएको विधान बाँकी पृष्ठ २ मा

## ओलीको आक्रोश

नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले आफ्नो पार्टीको सरकार ढालेर प्रतिपक्षमा पुऱ्याउने नेताबाट आमकार्यकर्ता र नागरिकले केही पनि सिक्न नसक्ने बताएका छन् । तुलसीलाल स्मृति प्रतिष्ठानले कम्युनिष्ट नेता तुलसीलाल अमात्यको २४औं स्मृति दिवसका अवसरमा गरेको कार्यक्रममा ओलीले पार्टीभित्रै कतिपय नेतामा पार्टीप्रतिको निष्ठाको भाव नभएको बताए ।

नेपाली जनताले विकास र सुशासनका लागि कम्युनिष्ट सरकार नै चाहिन्छ भन्ने महसुस गरेको उनले बताए । आफूले नेतृत्व गरेको सरकारका कारण आमजनताको सरकारप्रति आशा र भरोसा बढेको उनले बताए । "केही व्यक्तिको हतारो र गैरजिम्मेवारीले गर्दा सरकार र पार्टीमा यो अवस्थामा आएको हो", उनले भने ।

पूर्वप्रधानमन्त्री ओलीले तुलसीलाल अमात्य, पुष्पलाल श्रेष्ठ, मनमोहन अधिकारी, मदन भण्डारी, जीवराज आश्रित लगायत नेताले पार्टी र जनताका लागि निस्वार्थ रुपमा योगदान गरेको उल्लेख गरे । देश र पार्टीका लागि व्यक्तिगत स्वार्थ र अहम त्यागेर लागेको ओलीको भनाइ थियो । "पुष्पलालले काँचो चना खाएर पनि पार्टी र देश बनाउन लाग्नुभएको थियो", उनले भने ।

एमालेले राष्ट्रियता र लोकतान्त्रिक आन्दोलनमा अगुवाई गरिरहेको अध्यक्ष ओलीको भनाइ छ । परराष्ट्र बाँकी पृष्ठ २ मा

# अलमल चिर्ने प्रयास

साविकको नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को एकता प्रक्रिया भंग भएर ब्युतिएको माओवादी केन्द्र सांगठानिक र राजनीतिक अलमल तोड्ने प्रयासमा देखिन्छन् । सरकार, पार्टी संगठन र राजनीतिबारे धारणा प्रष्ट पार्दै माओवादी केन्द्रले अलमलमा नरहेको सन्देश दिन खोजेको छ ।

**सन्दिप विक/मध्यान्ह**
काठमाडौं, १७ साउन ।



नेकपा एमाले र माओवादी केन्द्र बीच एकता भएर बनेको नेपाल कम्युनिष्ट पार्टी (नेकपा) गएको ५ पुसमा विभाजन र २३ फागुनमा विघटन भयो । यसपछि एमाले र माओवादी केन्द्र फेरि ब्युतियो । एमालेभित्र अन्तरविरोध चलिरहेको छ, अध्यक्ष केपी शर्मा ओली र बरिष्ठ नेता माधवकुमार नेपाल समूहको समानान्तर गतिविधि कायमै छ ।

तर राष्ट्रिय राजनीति र सांगठानिक विषयमा अलमल देखिएको माओवादी केन्द्रले पनि सत्ता समीकरण बदलिएपछि आफूलाई प्रष्ट पार्ने संकेत दिएको छ । आइतबार केन्द्रीय मूख्यालय पेरिसडाडाँमा बसेको स्थायी कमिटी बैठकले पार्टी कमिटी, सरकार र राष्ट्रिय राजनीतिबारे केही महत्वपूर्ण निर्णय गरेको छ ।

प्रवक्ता नारायणकाजी श्रेष्ठका अनुसार, माओवादी केन्द्रको देशभर ३० साउनमा वडा कमिटी बन्नेछ । त्यसको विवरण केन्द्रमा पठाउन बैठकले निर्देशन दिएको हो । माओवादी केन्द्रको सङ्गठनलाई चुस्त, दुरुस्त तथा व्यवस्थित बनाउन सबै वडा कमिटी गठन, पुनःगठन गरी यथार्थ विवरण तयार पार्न निर्देशन दिइएको प्रवक्ता श्रेष्ठले बताए ।

यसअघि यही साउन २० गतेका लागि तय भएको केन्द्रीय समितिको बैठक थप तयारी गर्नुपर्ने भन्दै १० दिन पर सारिएको छ । पछिल्लो राजनीतिक घटनाक्रमको समीक्षा, सरकार विस्तार एवं आवश्यक तयारीका लागि केन्द्रीय समितिको बैठक पर सारिएको उनको भनाइ छ ।

बैठकले पाँच दलीय गठबन्धनलाई थप प्रभावकारी बनाउने निर्णय गरेको छ । संविधान र लोकतान्त्रिक मूल्य र मान्यताका लागि स्थापित भएको गठबन्धनलाई देश र जनताको पक्षमा थप प्रभावकारी बनाउँदै देश र जनताको पक्षमा क्रियाशील बनाउने निर्णय भएको प्रवक्ता श्रेष्ठले बताए ।

गठबन्धनको घटक नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवाको नेतृत्वमा गठन भएको वर्तमान सरकारलाई जनपक्षीय बनाउनका लागि आफनो तर्फबाट पहल गर्ने माओवादी केन्द्रले जनाएको छ । बैठकमा अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले पछिल्लो राजनीतिक घटनाक्रम, गठबन्धनमा आवद्ध दलसँग भएको छलफल तथा सरकार विस्तार लगायत बारे छलफल भएको थियो ।

बैठकले महाकाली नदीमा तुइन तर्ने क्रममा बेपत्ता भएका जयसिंह धामीका विषयमा छानबीन गर्न सरकारसँग माग गरेको छ । यही साउन १५ गते दार्चुला जिल्लाको व्यास गाउँपालिका-२ खाङदाङ मालघाटबाट तुइनको प्रयोग गरी जयसिंह धामीसहितका व्यक्ति भारततर्फको बाटो हुँदै सदरमुकाम खलङ्गा आउने क्रममा भारतीय एसएसबीका जवानले तुइन काटिदिएकाले धामी महाकाली नदीमा खसेर बेपत्ता भएको समाचार सार्वजनिक भएको भन्दै प्रवक्ता श्रेष्ठले सो घटनाको सत्यतथ्य छानबीन गरी भारतीय पक्षसँग गम्भीर आपत्ति जनाउँदै दोषीमाथि कारवाही गर्न सरकारको ध्यानकर्षण गराइएको छ । महकाली बाँकी पृष्ठ २ मा

# खोपको कोड प्रमाणपत्र माग गर्दै कामदारहरुद्वारा प्रदर्शन

**मध्यान्ह संवाददाता**
काठमाडौं, १७ साउन

वैदेशिक रोजगारीका लागि विभिन्न देशमा जाने कामदारहरु कोरोना भाइरस (कोभिड-१९) विरुद्धको खोप लगाएको 'क्यूआर कोड' सहितको प्रमाण पत्र नदिएको भन्दै सडक प्रदर्शनमा उत्रिएका छन् । वैदेशिक रोगजारीमा जान श्रम स्वीकृति लिएका कामदारले आइतबार काठमाडौंको भद्रकालीमा तत्काल खोप कार्डको व्यवस्था गर्न माग गर्दै प्रदर्शन गरेका हुन् ।

प्रदर्शनमा कुवेत जान श्रम स्वीकृति लिएका युवाहरुहरु धेरै थिए । खोप लगाएर रोजगारीका लागि कुवेत जानुपर्ने बाध्यता रहेको भन्दै नवलपरासीबाट काठमाडौं आएका सविन धमलाले कम्पनीले दिएको बिदा सकिन लागेको तर खोप लगाएको 'क्युआर कोड' भएको प्रमाण पत्र नपाएको कारण सडकमा आउनु परेको बताए ।

आइतबारको प्रदर्शनमा कुवेत फर्कने बाध्यतामा रहेका मात्रै ५ सय बढी युवाहरु रहेको भन्दै उनले उनीहरु खोप कार्ड नपाएका कारण एक हप्ता लामो समयदेखि काठमाडौंमा बस्नु परेको बताए । आफुहरु खोप कार्ड लिन दैनिक स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र टेकु अस्पताल जानु परेको उनको भनाइ थियो ।

यसैबीच स्वास्थ्य मन्त्रालयले आइतबार सूचना जारी गर्दै केही अस्पतालहरूले खोप लगाएको प्रमाण पत्र दिंदा शुल्क लिने गरेको जनगुनासो आएको भन्दै शुल्क नलिन निर्देशन दिएको छ ।

उपत्यकाका टेकु, पाटन, सिभिल र एपिएफ गरी चार अस्पतालले खोप लगाएको प्रमाण बाँकी पृष्ठ २ मा

## गत साल ९ हजार बढी कामदारको ज्यान गयो विदेशमा

**काठमाडौं/मस-** वैदेशिक रोजगारीका लागि गएकामध्ये गत वर्ष १ हजार २ सय ४२ जनाको ज्यान गएको छ । त्यसमा २९ जना महिला रहेका छन् । वैदेशिक रोजगार बोर्डका अनुसार गत वर्ष साउदी अरबमा सबैभन्दा बढी नेपाली कामदारको मृत्यु भएको छ । साउदीमा ३ सय ६० पुरुष र २ महिला गरी ३ सय ६२ जना, मलेसियामा एक महिलासहित २ सय ८० जना, कतारमा २ महिलासहित २ सय ३९ जना कामदारको मृत्यु भएको छ । बाँकी पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

### यूएई दूतावासको नक्कली वेबसाइट बनाएर यात्रा अनुमति

**काठमाडौं/मस-** यूएईले दक्षिण एशियाली मुलुकका यात्रुमाथि कडा निगरानी बढाएको छ । उडान प्रतिबन्ध लगाएको अवस्थामा पनि भारतमा आफ्नो दूतावासको नक्कली वेबसाइट खडा गरी सःशुल्क यात्रा अनुमति जारी गरेको पाइएपछि यूएईले दक्षिण एशियाली यात्रुहरु माथि कडा नजर राखेको हो । उक्त मुलुकले नेपालसहित भारत, पाकिस्तान, बंगलादेश र श्रीलंकाबाट यात्रा गर्नेहरुलाई अनिश्चितकालका लागि प्रतिबन्ध लगाएको छ ।

प्रतिबन्ध लागेका कारण दक्षिण एसियाली देशहरुमा फसेका यूएईका आवासीय अनुमति भएका बासिन्दाहरुलाई बाँकी पृष्ठ २ मा


**अभिमुखीकरण तालिम प्रदायक संघ संस्थालाई सदस्यता लिन तथा नविकरण गर्न अत्यन्त जरुरी सूचना**

सूचना प्रकाशित मिति: २०७८/०४/१८

यस महासंघको आठौं महाधिवेशन तयारीको लागी यस महासंघसंग आवद्ध तालिम प्रदायक संस्था वा संघहरुले महाधिवेशन अगाडि अनिवार्य नवीकरण तथा सदस्यता लिनु पर्ने कार्यसमितीको निर्णय अनुसार देशभर सञ्चालनमा रहेका सबै अभिमुखीकरण तालिम प्रदायक संस्था तथा संघहरुले मिति २०७८ श्रावण ३२ गते भित्र महासंघको कार्यालयमा आवश्यक कागजातसहित उपस्थित भई संस्था नवीकरण तथा सदस्यता लिन अनुरोध छ ।

(नोट: विधानको दफा ९ को उपदफा ३ अनुसार कारबाही भएको संस्थाहरुको संदर्भमा विधानको दफा ११ को ३ अनुसार निर्णय गरिनेछ । मिति नाघेर आएका निवेदन उपर महासंघले कुनै छलफल तथा कारबाही गरिने छैन ।)

**नेपाल वैदेशिक रोजगार अभिमुखीकरण व्यवसायी महासंघ**
तिनकुने, काठमाडौं
फोन नं (सपोर्टको लागि) ०१४१११६४६




# तरकारी खेतीका लागि ग्रीन हाउस

आचार्य प्रदीप/मध्यान्ह
बुटवल, १७ साउन



बचत संकलन तथा विभिन्न क्षेत्रमा ऋण प्रवाहको काम गर्दै आएको जिल्ला सदरमुकाम भैरहवास्थित नेपाल बहुमुखी सहकारी सस्थाले ग्रीन हाउस निर्माण गरी तरकारी खेती सुरु गरेको छ।

सहकारीले सिद्धार्थनगर नगर पालिका वडा नम्बर ९ गोनहियामा करिब ४ बिगहा जग्गा १० वर्षको लागी लिजमा लिई दुई वर्षदेखि तरकारी तथा फलफुल खेती गर्दै आएकोमा अहिले ग्रीन हाउस निर्माण गरी तरकारी खेती सुरु गरेको सहकारीका अध्यक्ष शिवहरी रेग्मीले बताए।

अन्तर्राष्ट्रिय गैरसरकारी संस्था जर्मनीको जीआईजेडको आर्थिक सहयोगमा २ वटा आधुनिक टनेल ग्रीन हाउस निर्माण भएको छ। ग्रीन हाउससहित अन्य प्रविधिको लागत १५ लाख रुपैयाँ रहेको छ।

जीआईजेडले ६ लाख ७१ हजार रुपैयाँ आर्थिक सहयोग गरेको छ। नपुग रकम सहकारीले ब्यहोर्नै छ। ग्रीन हाउस बाहेक बाँकी कामहरुमा उत्पादित तरकारी तथा फलफुलको बजारिकरण, भण्डारण स्थल, बिक्री कक्ष, आवश्यक प्राविधिक तालीम, बिउबिजन, औँजार लगायतको सामग्री खरिद गरिने सहकारी अन्तरगत कृषि समिति संयोजक बाबुराम भटराईले बताए।

दुई वटा ग्रीन हाउसमा टमाटर खेति सुरु भएको छ। सिद्धार्थनगर नगरपालिकाका नगरप्रमुख हरिप्रसाद अधिकारीले ग्रीन हाउस भित्र टमाटर बिरुवा रोपेर शुभारम्भ गरेका थिए। सो क्रममा नगरप्रमुख अधिकारीले बचत संकलन र ऋण जारी गर्ने भन्दा पनि भिन्दै सोच बनाई काम अघि बढाएकोमा सहकारी प्रति आभार प्रकट गर्दै नगरपालिका सहयोगका लागी तयार रहेको बताए। उनले नगरपालिकाको समन्वयमा जिआईजेडसँग सहकारीको सहकार्य भएको बताए।

ग्रीन हाउसलाई बोलिचालीको भाषामा टनेल भनिन्छ। र ग्रीन हाउसलाई प्राबिधिक भाषामा संरक्षित संरचना भनिन्छ। बोटबिरुवाका लागि पूर्ण वा आंशिक रूपमा अनुकूल वातावरण बनाई प्रतिकूल मौसममा समेत उत्पादन लिन यस्तो संरचनाहरु बनाईने गरिन्छ। विदेश तिर अत्यधिक लोकप्रिय यो प्रविधि नेपालमा पनि लोकप्रिय हुँदै गएको छ। अहिले व्यवसायीक उत्पादनका लागी यो रोजाईनै बन्ने गरेको छ। ग्रीन हाउसको प्रयोगले मुख्यत: उत्पादकत्व वृद्धि गर्न, बेमौसमी उत्पादन लिन, संक्रमणरहित बाली उत्पादन गर्न हुने गरेको छ।

तापक्रम अत्यधिक भएका तराईका क्षेत्रमा भदौदेखि जेठसम्म बेमौसमी तरकारी उत्पादन गर्न किरा नछिर्ने जाली, अल्मुनियम नेट तथा जीआई पाइप प्रयोग गरिएका जाली-घर उपयुक्त मानिने भएकोले अहिले यसको प्रयोग बढेको र यसैलाई बोलिचालिको भाषामा टनेल वा ग्रीन हाउस भनिने गरेको सहकारीका कृषि समिति उपसंयोजक बिष्णु आचार्यले बताए।

ग्रीन हाउस शुभारम्भ कार्यक्रममा सिद्धार्थनगर नगर प्रमुख हरी प्रसाद अधिकारी, उपप्रमुख उमा काफले, वडा नं.९ र ३ का वडा अध्यक्षहरु शेषकान्त भण्डारी र थानेश्वर पौडेल, सहकारी विज्ञ चन्द्रकान्त भटराई, उद्योग व्यापार संगठन रुपन्देहीका महासचिव अनिल ज्ञवाली, कुलानन्द ज्ञवाली, सहकारीका सचिव भानु पौडेल, उपाध्यक्ष शान्ति अधिकारी लगायतले मन्तव्य राखेका थिए।

# विश्व स्तनपान सप्ताह शुरु

दिवस ढकाल/मध्यान्ह
काठमाडौं, १७ साउन




विश्व स्तनपान सप्ताहको पहिलो दिन आइतबार नेपालमा पनि विभिन्न कार्यक्रम गरी मनाइएको छ। 'हामी सबैको साझा जिम्मेवारी, स्तनपान संरक्षण हुन्छ प्रभावकारी' भन्ने मुलनाराका साथ यस वर्षको विश्व स्तनपान दिवस मनाउन लागिएको हो। २३ साउनसम्म विश्व स्तनपान दिवस मनाइने छ।

स्तनपान संरक्षण तथा सम्वर्द्धन गर्ने उद्देश्यले सन् १९९२ देखि हरेक वर्ष विश्व स्तनपान सप्ताह मनाइँदै आएको छ। परिवार कल्याण महाशाखा अन्तर्गत पोषण शाखा प्रमुख केदार राज पराजुलीका अनुसार जन्मने वित्तिकै स्तनपान गर्न पाउनु शिशुको नैसर्गिक अधिकार हो।

शिशु जन्मेपछि केही दिनसम्म आउने बाक्लो, पहेंलो विगौति दूधमा रोगसँग लड्ने एक प्रकारको प्रतिरोधात्मक तत्व रहेको हुन्छ जसले शिशुलाई संक्रामक रोग लाग्नबाट बचाउने हुनाले स्तनपानलाई पहिलो खोपको रुपमा लिइन्छ।

त्यसकारण शिशु जन्मिएपछि जतिसक्दो चाडो एक घण्टा भित्रमा उसलाई आमाको विगौती दूध अनिवार्य रुपमा खुवाउनुपर्छ। आमाको विगौती दूधले भविष्यमा बालबालिकाहरुलाई विभिन्न प्रकारका रोगहरुको जोखिपराजुलीले राख्ने र बाल मृत्युदर घटाउनुका साथै आमाको स्वास्थ्यमा समेत सकारात्मक प्रभाव पार्ने पराजुलीले बताए।

शिशु जन्मेपछि ६ महिनाको उमेरसम्म उसलाई चाहिने सम्पूर्ण पौष्टिक तत्वहरु आमाको दूधमा नै पर्याप्त मात्रामा पाइने हुँदा जन्मेको ६ महिना सम्म आमाको दूध मात्र खुवाउनुपर्ने र बच्चा जन्मेको ६ महिना पुरा भएपछि पोषिलो थप खानाका साथै साथै कम्तिमा २ बर्षसम्म स्तनपानलाई पनि निरन्तरता दिनुपर्ने उनको भनाइ रहेको थियो।

'स्तनपानले शिशुको लागि सम्पुर्ण आहारको काम गर्दछ', पोषण शाखा प्रमुख पराजुलीले भने, 'आमाको दूध पहिलो खोप र मस्तिष्क विकासको महत्वपूर्ण तत्व हो।' बट्टाको दूध सेवन गर्ने शिशुहरु भन्दा स्तनपान गर्ने शिशुहरुको बौद्धिक शक्तिको विकास राम्रो भएको पाइन्छ।

महिनासम्म आमाको दूधमात्र खुवाउदा बाल मृत्युदरमा १३ प्रतिशतले कमी ल्याउन सकिने अन्तराष्ट्रिय जर्नल ल्यान्सेटले पुष्टि गरेको छ। नेपालमा स्तनपानको अवस्था नेपाल मल्टि इन्डिकेटर क्लष्टर सर्वे (मिक्स) २०१९ अनुसार नेपालमा शिशु जन्मेको १ घण्टा भित्रै स्तनपानको सुरुवात गर्नेको संख्या ४२ प्रतिशत रहेको छ भने पूर्ण स्तनपान गराउनेको संख्या ६२ प्रतिशत रहेको छ।

त्यस्तै उक्त सर्वेक्षण अनुसार २ वर्षसम्म स्तनपान गराउनेको संख्या ८७.६ प्रतिशत रहेको छ। नेपाल जनसांख्यीक तथा स्वास्थ्य सर्वेक्षण २०१६ को तथ्यांक अनुसार नेपालमा पूर्ण स्तनपान गराउनेको संख्या ६६ प्रतिशत र शिशु जन्मेको १ घण्टा भित्रै स्तनपान गराउनेको संख्या ५५ प्रतिशत छ। त्यस्तै, शिशु जन्मेदेखि २ वर्षसम्म स्तनपानलाई निरन्तरता दिनेको संख्या ८९ प्रतिशत रहेको छ।

त्यसैगरी जन्मनासाथ स्तनपान गराउनु अघि १० जना नवजात शिशुहरु मध्ये ३ जना नवजात शिशुहरुलाई घ्यू, मह, चिनि आदि चटाउने गरेको पाइएको छ। नेपालमा शिशु जन्मेदेखि १ महिनासम्म आमाको दूध मात्र खुवाउनेको संख्या ८० प्रतिशत रहेको छ। तर, शिशु २ देखि ३ महिना सम्मको हुँदा आमाको दूध मात्र खुवाउनेको संख्या घटेर ७२ प्रतिशत मात्र रहेको छ। नेपालमा शिशुलाई कहिल्यै पनि स्तनपान नगराएको संख्या भने १ प्रतिशत मात्रै छ।

नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण २०१६ अनुसार नेपालमा ५ वर्ष मुनीका ३६ प्रतिशत बालबालिकाहरू पुड्कोपना, १० प्रतिशत ख्याउटेपना, २७ प्रतिशत कम तौल र ५३ प्रतिशत रक्तअल्पताबाट ग्रसित छन्। नेपालमा हुने बाल मृत्युदरको ५३ प्रतिशत कारक कुपोषण रहेको पाइएको छ।

## बोलीमा...

अधिवेशन पनि भदौ २७-२८ मा गर्ने प्रस्ताव गरिएको छ। विधान अधिवेशन यसअघि २७ साउनमा तोकिएको थियो।

आइतबारको बैठकले भने विधान अधिवेशन एक महिना पछि सार्दै भदौं २७-२८ मा गर्ने प्रस्ताव अगाडि ल्याइएको हो। यसअघि अध्यक्ष ओलीले बरिष्ठ नेता माधवकुमार नेपाल समूहका नेताहरुलाई भूमिका विहीन बनाउने, नवौं राष्ट्रिय महाधिवेशनबाट निर्वाचित नेतृत्व विघटन र विधान संशोधन गरेका थिए। त्यसैबेला विधान अधिवेशन साउनमा र महाधिवेशन मंसिरमा गर्ने प्रस्ताव भएको थियो।

तर एमालेभित्र एकता प्रक्रिया अगाडि बढेपछि यो प्रक्रिया रोकिएको थियो। मुख्यगरी २३ फागुन र २७ जेठको अदालतको आदेश अनुसार, ओलीको कदम रोकिएको थियो। ओलीले बनाएको दशौं राष्ट्रिय महाधिवेशन आयोजक कमिटीलाई अदालतले मान्यता नदिएपछि १६ असारमा दशौं राष्ट्रिय महाधिवेशन आयोजक कमिटी विघटन गरी केन्द्रीय कमिटी ब्युताइएको थियो।

सँगै, एक साता समय खर्चिएर दोस्रो तहका दश नेताले २७ असारमा दश बुँदे सहमति जुटाएका थिए। यो सहमतिअनुसार एमाले सम्पूर्ण रुपमा २ जेठ २०७५ मा पुग्नुपर्ने थियो। तर अध्यक्ष ओलीले तत्काले स्थायी कमिटी र केन्द्रीय कमिटी बैठक समेत राखे। २८ असारमा सर्वोच्च अदालतले संसद् पुनर्स्थापना गर्दै नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवालाई प्रधानमन्त्री नियुक्त गर्न परमादेश दिइएपछि ओली एकपछि अर्कोगरी चर्को आरोप लगाउने देखि एक्लौटी बैठक राखिरहेका छन्।

यसको जवाफमा नेता नेपाल समूहको गतिविधि पनि रोकिएको छ। २९ असारमा ओलीले युथ फोर्स ब्युताएपछि माधव समूहले पनि पिपुल्स भोलिन्टियर्स र अखिल फोर्स बनाएको छ। शनिबार मात्रै अखिल फोर्स घोषणा भएको छ। ओली र नेपालको विभाजनकारी गतिविधि नरोकिदा दश बुँदे सहमति भने अलपत्र परेको छ।

## ओलीको ...

तथा औद्योगिक नीति, व्यापार, कृषि, सिँचाइ सबैमा एमालेले लिएको नीति नै राष्ट्रिय नीति बन्ने गरेको उनले बताए। सत्यका पक्षमा लाग्ने व्यक्तिलाई बिगतदेखि नै विभिन्न पक्षले असहयोग गर्ने गरेको उनले बताए। ओलीले भने, "ऋषिमुनिका तपस्या भाड्नेदेखि बुद्धलाई गलत देख्नेहरू नभएका होइनन्। त्यो कुरा अझैसम्म रहेको छ।"

प्रतिष्ठानका अध्यक्ष गोपाल शाक्यले विगतमा एकीकरण भएको कम्युनिष्ट पार्टी केके कारणले गर्दा फुट्यो भनेर समीक्षा गर्नुपर्ने औँल्याउनुभयो। एमाले स्थायी कमिटी सदस्य केशव बडालले तुलसीलालको पार्टी र देशप्रतिको निष्ठा भावबाट हामीले धेरै कुरा सिकेर अवलम्बन गर्न सकिनेमा जोड दिए।

## अलमल...

नदीमा तुइन तर्ने क्रममा नेपाली नागरिक बेपत्ता हुनु दु:खद रहेको भन्दै माओवादी केन्द्रले गम्भीर आपत्ति जनाएको छ।

केही दिनभित्रै सरकार विस्तार हुने विश्वास व्यक्त समेत माओवादी केन्द्रले गरेको छ। राष्ट्रिय जनता पार्टी नेपाल (राजपा) ले आवश्यक निर्णय गरिसकेको तथा वैधानिकको विषयसमेत टुङ्गिइसकेको र अन्य दलले समेत आवश्यक निर्णय दिने अन्तिम तयारी गरेकाले सरकार विस्तारमा बिलम्ब नहुने प्रवक्ता श्रेष्ठको भनाइ छ।

गठबन्धनमा सहभागी राष्ट्रिय जनमार्चाले सरकारमा नजाने निर्णय गरिसकेको छ। यस्तै, एमालेका बरिष्ठ नेता माधवकुमार नेपाल समूहले पनि छिट्टै आफनो निर्णय दिने तयारी गरेको बैठकमा जानकारी दिइएको छ। "अब धेरै समय लिनुहुँदैन भन्नेमा हामी स्पष्ट छौं। केही दिनभित्रै स्पष्ट निर्णय आउला र आउनुपर्छ", श्रेष्ठले भने।

मन्त्रिपरिषद्मा पार्टीको तर्फबाट पठाउने नेताहरुको बारेमा निर्णय गर्न सोमबार ३ बजे पुन:स्थायी समितिको बैठक बस्ने प्रवक्ता श्रेष्ठको भनाइ छ। उनले लुम्बिनी प्रदेशमा संविधान र लोकतान्त्रिक मूल्य र मान्यताका आधारमा नयाँ सरकार गठनको प्रक्रिया अगाडि बढाइने पनि बताए।

## खोपको ...

पत्र वितरण गरिरहेका छन्। खोप लगाएपछि विदेशमा जाँदा कतिपय देशमा क्वारेन्टिन बस्नु नपर्ने भएपछि कामदारहरूले खोप लगाएको प्रमाणपत्र लिनुपर्ने बाध्यता छ।

## यूएई ....

यूएई प्रवेश गर्न कठिन भएको छ। तर भारतमा यूएई दूताावसको नक्कली वेबसाइट बनाएर यात्रा अनुमति जारी गरिएको र त्यसको नाममा ठूलो आर्थिक अपचलन 'काण्ड' रचिएको खालिज टाइम्सले आइतबार उल्लेख गरेको छ।

भारतस्थित यूएई दूतावासको नक्कली काजगात पेश गरी प्रवेश गरेका ८ जना यात्रु यूएईको एक होटलमा फेला परेको भन्दै उक्त अनलाइनले त्यस्ता नक्कली काजगात भएका यात्रुहरु यूएईको ग्रीन लिष्टमा रहेका माल्दिभ्स तथा कतारको दोहालाई ट्रान्जिट बनाएर यूएई प्रवेश गर्ने गरेको दाबी गरेको छ।

## गत...

त्यसैगरी बोर्डले अर्को खाडी मुलुक यूएईमा १२ महिला सहित २ सय ८, कुवेतमा ५५ पुरुष, बहराइनमा ३१ पुरुष, जापानमा ९ जना पुरुष, ओमानमा ७ जना पुरुष, जोर्डनमा ६ पुरुष र मकाउ, रोमानिया, टर्कीमा ३-३ जना कामदारको मृत्यु भएको छ।

त्यस्तै अफगानिस्तान, अल्जेरिया, चीन, साइप्रस र सेसेल्समा दुई दुई जनाको र युगान्डा, सिंगापुर, पोर्चुगल, पोल्यान्ड, माल्दिभ्स, लेवनान, इजराय र ब्रुनाईमा एक एक जना कामदारको मृत्यु भएको बोर्डले जनाएको छ।

जिल्लागत रुपमा हेर्दा सबैभन्दा बढी मोरङ त्यसपछि क्रमश: धनुषा, सिराह, महोत्तरी, झापा, स्याङ्जा, सप्तरी, सुनसरी नवलपरासी, चितवन, दाङ र कास्की जिल्लाबाट गएका कामदारले ज्यान गुमाएका छन्। बोर्डले वैदेशिक रोजगारीका क्रममा गत वर्ष मृत्यु भएका १ हजार २ सय ४३ जनाका परिवारलाई ७३ करोड ७७ लाख १५ हजार रूपैयाँ आर्थिक सहायता प्रदान गरेको बताएको छ। उक्त अवधिमा अंगभंग, गम्भीर बिरामी भएर फर्किएका १ सय ४३ जना कामदारले ७ करोड ३३ लाख २ हजार २ सय रूपैयाँ आर्थिक सहायता पाएका छन्।

बोर्डले विदेशमा मृत्यु भएका कामदारको शव विमानस्थलदेखि घरसम्म पुऱ्याइदिने गरेको छ। त्यसका लागि १७ लाख ९४ हजार ९ सय ७६ रूपैयाँ खर्च भएको बोर्डको भनाइ छ। बोर्डले वैदेशिक रोजगारीका क्रममा मृत्यु भएका १ सय २२ कामदारको शव झिकाउने क्रममा करिब एक करोड खर्च भएको जनाएको छ।

खोटे सल्लाको काठ बोलपत्रद्धारा लिलाम बिक्रीको सूचना !

प्रथम पटक सूचना प्रकाशन मिति २०७८।०४।१५ गते

निपाने हरीयाली सामुदायिक वन उपभोक्ता समूहको स्वीकृत वन ब्यवस्थापन कार्ययोजना अनुसार वनबाट संकलन भई सा.व.उ.स.को घाटगद्दीमा रहेको निम्न परिमाणको खोटे सल्लाको काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम विक्री गनुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। इच्छूक व्यक्ति, संघ, संस्था, फर्म वा कम्पनीले यो सुचना राजधानी राष्ट्रिय दैनीक पत्रिकामा प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र छुट्टा छुट्टै बोलपत्र खरीद गरी २२ आं दिनको १२:०० बजे भित्र सम्बन्धित सा.व.उ.स.को कार्यालयमा सिलबन्दीको बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ। पूर्ण ब्यहोराको सूचना सम्बन्धित सा.व.उ.स.को कार्यालय, डिभिजन वन कार्यालय र सव डिभिजन वन कार्यालयको सुचना पाटीमा टास गरिएको छ।

तपसिल

१. वन पैदावारको विवरण:-

| क्र.स. | सा.व.उ.स.को नाम र ठेगाना | जात | गोलिया थान | ग्रेड | परिमाण (क्यु.फिट) | न्युनतम मुल्य प्रति इकाई | संकलन खर्च | कै. |
|---|---|---|---|---|---|---|---|---|
| १ | निपाने हरियाली सा.व.उ.स.छेडागाड १२ जाजरकोट | खोटे सल्ला | २३५ | A,B | ४८००.६६ | २१०।- १६०।- | १,५०,०००।- | |

साउदीमा रोजगार | कम्पनी: MARASAH COMPANY ONE PERSON COMPANY
शहर: Riyadh
पूर्व स्विकृति मिति: २०७८/०३/१६ चलानी नं. : ६०१५९४३७ LT. No. : 241745 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labor | 3 | 0 | स. काममा दक्ष | 1000 | ३१,६७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०७८ साउन २५ गते (9 August 2021) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

मिडिल इष्ट म्यानपावर प्रा. लि.
कुपण्डोल, ललितपुर, फोन नं. ०१-५५२९९६०, ५५३१२२० फ्याक्स: ०१-५५३२०८४, श्रम ई. पत्र नं. ६१/०५१/०५२
सम्पर्क: ९८८१३६५७३९ | Email: cvs.middleast@gmail.com | Web: www.middleast.com.np

साउदीमा रोजगार | कम्पनी: Masoud Nasser Al-dossary Corporation For Transportation
शहर: Dammam
पूर्व स्वीकृत मिति: २०७८/०४/१७ चलानी नं.: ६०१६०९६३ LT. No.: 242510

| सि.नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Truck Driver | 8 | 0 | स. काममा दक्ष | 1800 | ५७,००६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ साउन २५ गते (9 August 2021) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | रु. १०,०००/- रोजगार दाताले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

Al Sasha Overseas Pvt. Ltd. Gov. Lic No. 1488/074/075
Pingalasthan, Gaushala, Kathmandu, Tel: 4492240, 4492241

कतारमा रोजगारको अवसर | कम्पनी : CARMEL GROUP WLL
शहर: DOHA
पूर्व स्वीकृत मिति: २०७८/०३/२९ चलानी नं.: ६०१६०१०८ L.T. No.: 242089 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Vehicle Driver | 30 | 0 | स. काममा दक्ष | 2200 | ७१,७६४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ साउन २५ गते (9 August 2021) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

New Light International Pvt. Ltd.
Govt.Lic.No. 1403/074/075
Samakoshi, Kathmandu, Tel.: 4380173, 4384185, Mob.:984-1071786, 9817301869, 9851045653 | Email: info.newlight1403@gmail.com

साउदीमा रोजगार | कम्पनी: SANA FAHAD NASSER AL-SHEHILI GENERAL CONTRACTING EST.
शहर: SAUDI
पूर्व स्वीकृत मिति: २०७८/०४/१७ चलानी नं.: ६०१६०९५० L.T. No.: 243361

| सि.नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading And Unloading Worker | 30 | 0 | स. काममा दक्ष | 1000 | ३१,६७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०७८ साउन २५ गते (9 August 2021) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | रु. १०,०००/- रोजगार दाताले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

PERFECT DESTINATION PVT. LTD.
Govt. License No: 941/067/068
Kupondole -10, Lalitpur, Nepal Tel 01-5260998, 5261014 | Fax 01-5261021
Email: perfect.destination2011@gmail.com, info@perfectdestination.com.np

कतारमा रोजगारको अवसर
१. कम्पनी : CASA PACO
शहर: DOHA
L.T. No.: 243446

| सि.नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Waiter | 3 | 0 | [illegible] | 1400 | ४५,६६८ | [illegible] | [illegible] | [illegible] | [illegible] | छ | छ | [illegible] |

२. कम्पनी : AL SUWAIDI TECNICAL SERVICE
शहर: DOHA
L.T. No.: 243473

| सि.नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 1 | 0 | [illegible] | 1000 | ३२,६२० | [illegible] | [illegible] | [illegible] | [illegible] | छ | छ | [illegible] |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ साउन २५ र २६ गते (9 & 10 Aug. 2021) मा हुनेछ।

Elmira Manpower Service Pvt. Ltd.
License No: 1067/073/074
P.O.Box: 9883, Basundhara, Kathmandu, Nepal, Tel: 977-014963814, 015909815
Fax : 4016788, Mob: 9851177709, 9851188820
Email: info@elmiramanpower.com, Web.: www.elmiramanpower.com



काठमाडौं महानगरले खुल्लामञ्चमा रहेको बसपार्क हटाएसँगै त्यहाँ भत्काइएका संरचनाहरूबाट फलामजन्य कबाडी संकलन गर्दै मजदुर ।
*तस्बिर: दिपेन्द्र श्रेष्ठ/मध्यान्ह*

# कामु प्रधानसेनामा प्रभुराम शर्मा नियुक्त

**काठमाडौं/मस–** बालाधिकृत रथी प्रभुराम शर्मा कायम मुकायम प्रधानसेनापतिमा नियुक्त भएका छन् । राष्ट्रपति विद्यादेवी भण्डारीले मन्त्रिपरिषद्को सिफारिसमा शर्मालाई साउन २६ गतेदेखि लागू हुने गरी कायम मुकायम प्रधानसेनापतिमा नियुक्त गरेकी हुन् ।

सैनिक ऐन, २०६३ को दफा ८ को उपदफा (३) अनुसार नेपाल सरकार, मन्त्रीपरिषद्को सिफारिसमा राष्ट्रपति भण्डारीले बलाधिकृत रथी शर्मालाई कायम मुकायम प्रधानसेनापति नियुक्त गरेको राष्ट्रपति कार्यालयद्वारा जारी विज्ञप्तिमा उल्लेख गरिएको छ ।



प्रधानसेनापति पूर्णचन्द्र थापाको तीन वर्षे कार्यकाल भदौ २४ बाट समाप्त हुने तथा उनी साउन २५ गतेबाट घर बिदामा बस्ने भएकाले राष्ट्रपतिले कायम मुकायम तोकेकी हुन् । एक महिनापछि शर्मा नै प्रधानसेनापति बन्नेछन् ।

# पुनर्वासमा सवारी जाँचमा कडाइ, 'हेल्मेट खोइ' अभियान सञ्चालन

कञ्चनपुरको पुनर्वासमा पछिल्लो समय ट्राफिक प्रहरीले आफ्नो सक्रियता बढाएको छ । दैनिक जसो सवारी जाँचको तालिकामा फेरबदल गर्दै चेकजाँचमा कडाइ गरिएको हो ।

प्राय: जसो दोदा नदिमा मात्रै ट्राफिक चेकजाँच हुँदै आएकोमा अहिले भने आई.बि.आर.डी, टाउन, क गाउँ, कान्छी बजार, सिम्री डोके बजार लगायतका स्थानमा दिनहुँ जसो चेकजाँच भैरहेको अस्थायी ट्राफिक प्रहरी पोस्ट त्रिभुवन बस्तीले जनाएको छ ।

दक्षिणी क्षेत्रमा ट्राफिक प्रहरीको नजर नपुग्दा तीन जना सवार हुने र हेलमेट नलगाउने गरेको पाइएको थियो । इलाका प्रहरी कार्यालय र अस्थायी ट्राफिक पोष्ट त्रिभुवन बस्तीको संयुक्त पहलमा शनिबार 'हेल्मेट खोइ ?' अभियानअन्तर्गत दोदा, ग गाउँ (पशुपति चौराहा), आई.बि.आर.डी र टाउनमा सवारी जाँच गरिएको थियो ।

चेकजाँचका क्रममा हेल्मेट नलाएका, तीन जना यात्रु चढेका, सवारिको कागजात नभएका तथा सवारी चालक अनुमतिपत्र




नभएकाहरुलाई सम्झाई बुझाई गर्नुका साथै कानुन बमोजिम कारबाही समेत गरिएको थियो ।

स्थानीयहरुले बजार क्षेत्रमा दैनिक चेकिङ गर्न माग गरेका छन् । कहिले काहीँ भन्दा पनि दैनिकजसो चेकजाँच भएमा ट्राफिक नियम लागू गर्न समेत सहज हुने स्थानीयहरुको भनाइ छ ।

# इटहरीका मेयरलाई भ्रष्टाचारको आरोप

## मेयर चौधरी भन्छन्, 'पुष्टि भए राजनीतिबाट सन्यास लिन्छु'

**तेजबहादुर बन/मध्यान्ह**
इटहरी, १७ साउन

स्थानीय तहको निर्वाचन सम्पन्न भइ विजयी भएर मेयर बने लगत्तै आफु पनि भ्रष्टाचार नगर्ने र कार्यालयलाई पनि भ्रष्टाचाररहित बनाउने उद्घोष गरेका इटहरी उपमहानगरका मेयर द्वारिकलाल चौधरी पुन:विवादमा तानिएका छन् । उपमहानगर अन्तरगत वडा नं २ को भवन निर्माणको विषयलाई लिएर मेयर चौधरी लगायत केहि जनप्रतिनिधिहरूलाई भ्रष्टाचारको आरोप लागेको छ ।

भवन निर्माणमा लागतको विषयलाई लिएर स्थानीयहरूले मेयर चौधरी र वडा नं. २ वडाध्यक्ष हर्क मगर लगायत अन्य जनप्रतिनिधिहरूलाई लाखौं अनियमितता गरेको आरोप लगाएका हुन् । १ करोड १७ लाखमा निर्माण सम्पन्न भएको उक्त भवनको मेयर चौधरीले गत असार अन्तिम साता उद्घाटन गरेका थिए । उद्घाटन समारोहमा मेयर चौधरीले भवन निर्माणमा लागेको लागत विवरण सुनाउँदा सबै अचम्मित भइ सामाजिक सञ्जालहरूमा विरोध सुरू भएको थियो ।

भवनकै विषयलाई लिएर सामाजिक सञ्जालहरूमा पनि राजनीतिक दलका प्रतिनिधिहरू देखि इटहरीका व्यवसायी तथा स्थानीयहरूले चर्को आलोचना गर्दै आएका छन् । बाहिरबाट हेर्दा ४०, ५० लाखमा सम्पन्न भइसक्ने वडा कार्यालयको भवन निर्माणमा १ करोड १७ लाख लागेको सामाजिक सञ्जालमा पोस्ट भएपछि चौतर्फी आलोचना हुँदै आएको छ ।

यसैबीच भवन निर्माणमा कुनै अनियमितता नभएको भन्दै वडा कार्यालयले



शनिबार दिउँसो खर्च विवरण सार्वजनिक गरेको छ । वडाध्यक्ष हर्क मगर लगायतको उपस्थितिमा खर्च विवरण सार्वजनिक भएको हो । उक्त भवन प्रयास सोलुसन एण्ड बिल्डर्स प्रा.लिले ठेक्का लिएकोमा अनलाईन बोलपत्रमार्फत भ्याट बाहेक १,१४,१९,९८३.५४ रुपैयाँमा सम्झौता भएको र भ्याट बाहेक १,०४,०७,६८८.८४ रुपैयाँखर्च भएको सो कार्यालयले जनाएको छ । भवनको भुई तल्लाको क्षेत्रफल २२३२.५ वर्ग फिट र पहिलो तल्लाको क्षेत्रफल २५४१.८७ वर्ग फिट रहेको छ भने ५० फिट लम्बाई, ४६.५ फिट चौडाई रहेको यस भवनमा १४८१६ इन्चको १८ वटा पिलर छ । भवनको भुई तलामा वडा अध्यक्षको कार्यकक्षसहित ५ वटा र पहिलो तल्लामा एउटा सभा हलसहित ३ वटा कोठा रहेको कार्यलयले जानकारी दिएको छ । 'सामाजिक सञ्जालहरूमा तस्विर राखेर वडा कार्यालयको बदनाम गराउन खोजिएको मात्र हो' वडा नं २ अध्यक्ष मगरले भने । स्थानीयहरूले भने जस्तो अनियमितता गरेको छैन सबै कानूनत र अनुगमन अनुसार नै निर्माण भएको पनि वडाध्यक्ष मगरको भनाइ छ ।

यता यस विषयमा इटहरीका मेयर द्वारिकलाल चौधरीसँग सम्पर्क गर्दा उनले वडा कार्यालयको भवन उद्घाटन गर्न आफै पुगेको बताए । फेसबुकमा भने जस्तो एक रूपैयाँ तल माथी गरेको पुष्टि भए आफु राजनीतिबाटै सन्यास लिने मेयर चौधरीले बताए । उनले भवनि निर्माण नियमित अनुगमन गरेरै छुट्याइएको बजेटको परिधि भित्र रहेको निर्माण सम्पन्न भएको दाबी गरे ।

# कञ्चनपुरमा साउन मसान्तसम्म लम्बियो निषेधाज्ञा

कञ्चनपुर प्रशासनले साउन मसान्तसम्म निषेधाज्ञालाई बढाएको छ । कोरोना भाइरस संक्रमण महामारी फेरि फैलिन थालेपछि सोमबारदेखि साउन मसान्तसम्म निषेधाज्ञा बढाएको हो ।

प्रमुख जिल्ला अधिकारी नेतृत्वको जिल्ला कोभिड व्यवस्थापन केन्द्रको आइतबार बसेको बैठकले निषेधाज्ञा बढाउने निर्णय गरेको हो । यस अघि साउन १७ गतेसम्म निषेधाज्ञा बढाइएको थियो ।

प्रमुख जिल्ला अधिकारी राम प्रसाद पाण्डेले कोभिड १९ संकट व्यवस्थापन अध्यादेश २०७८ को दफा ५ को उपदफा २ एवं स्थानीय प्रशासन ऐन २०२८ को दफा ६ को उपदफा ३ को अधिकार प्रयोग गरी साउन ३२ गते राति १२ बजेसम्म निषेधाज्ञा अवधि थप गरिएको जानकारी दिए ।

निषेधाज्ञा खुकुलो भएपछि कोरोना संक्रमित बिरामी फेरि



बढ्न थालेका छन् । विरामी बढेपछि निषेधाज्ञामा कडाई गर्न समेत आवाज उठ्न थालेको छ ।

साउन मसान्तसम्म बढाएको निषेधाज्ञामा पसल, सार्वजनिक यातायात सञ्चालन लगायतको समयलाई निरन्तरता दिइएको छ । यस अघिजस्तै पसलहरु बिहान ६ देखि साँझ ६ बजेसम्म खुला हुने भएका छन् ।

प्रशासन कार्यालयका अनुसार कुनै पनि सभा, सम्मेलन, संग्राहलय, सिनेमा हल, पार्टी प्यालेस, स्वीमिङ पुल, मनोरञ्जन स्थल, सैलुन, ब्युटी पार्लर, दोहोरी रेष्टुरेन्ट, जिमखाना, दर्शकसहितका खेलकुद लगायतका कार्यक्रम गर्न निषेध गरिएको छ ।

खुला स्थानमा भेला, सम्मेलन, भिडभाड, सभा, जुलुस, जात्रा, महोत्सव, भोजभतेरका कार्यक्रम गर्न रोक लगाइएको छ ।

विवाह, व्रतबन्ध तथा सामूहिक रूपमा गरिने कार्यको हकमा बढीमा १० जनासम्म सहभागी भई जनस्वास्थ्य सुरक्षा मापदण्डको पूर्ण पालना हुने गरी गर्न सकिने तर होटेल तथा पार्टी प्यालेस प्रयोग गर्न नपाइने आदेशमा उल्लेख गरिएको छ ।

स्वास्थ्य सेवा, दूध डेरी तथा पेट्रोलियम पदार्थ लगायत अत्यावश्यक पसल व्यवसाय, उद्योग तथा कलकारखाना र सार्वजनिक तथा निजी निर्माण कार्य जनस्वास्थ्य सुरक्षा मापदण्डको पूर्ण पालना गरी निर्बाध रूपमा साबिकको जस्तै र अन्य पसल व्यवसाय बिहान ६ देखि साँझ ६ बजेसम्म मात्रै सञ्चालन गर्न सकिने छ । अत्यावश्यक कामले नेपाल प्रवेश गर्न चाहने व्यक्तिहरूका लागि कञ्चनपुरको पश्चिमी नाका गड्डाचौकी र दक्षिणी नाका गौरीफण्टाबाट मात्रै निर्धारित मापदण्ड पूरा गरी आवागमन सकिने तर अन्य खुला सिमानाको जुनसुकै बिन्दुबाट आवागमन नगर्न आदेश दिइएको छ । प्रमुख जिल्ला अधिकारीबाट जारी भएको आदेशको अवज्ञा गर्नेलाई कोभिड १९ संकट व्यवस्थापन अध्यादेश २०७८ अनुसार कारबाही हुने बताइएको छ ।

# दार्चुला घटना छानबिन गर्न पाँच सदस्यीय समिति गठन


**काठमाडौं/मस–** सरकारले दार्चुलाका जयसिंह धामी तुइनबाट महाकाली तर्ने क्रममा भारतीय सीमा सुरक्षाबलका जवानले तुइन काटेको भनिएको घटनाबारे छानबिन गर्न पाँच सदस्यीय समिति गठन गरेको छ ।

गृह मन्त्रीस्तरीय निर्णय अनुसार घटनाको स्थलगतरूपमा छानबिन गरी सत्यतथ्यसहित १० दिनभित्र प्रतिवेदन पेश गर्न गृह मन्त्रालयका सहसचिव जनार्दन गौतमको संयोजकत्वमा छानबिन समिति गठन गरिएको हो ।

छानबिन समितिमा नेपाल प्रहरीका नायब महानिरीक्षक पूरुषोत्तम कँडेल, राष्ट्रिय अनुसन्धान विभागका अनुसन्धान निर्देशक हुतराज थापा, सशस्त्र प्रहरी बलका प्रहरी वरिष्ठ उपरीक्षक सुरेशकुमार श्रेष्ठ र जिल्ला प्रशासन कार्यालय दार्चुलाका सहायक प्रमुख जिल्ला अधिकारी ज्योत्सना भट्ट सदस्य रहेका छन् ।

यसैबीच गृहमन्त्री बालकृष्ण खाँणको उपस्थितिमा स्वास्थ्य तथा जनसंख्या राज्यमन्त्री उमेश श्रेष्ठ, गृहसचिव महेश्वर न्यौपानेसहित तीनवटै सुरक्षा निकायका प्रमुखको सहभागितामा भएको बैठकमा कोभिड १९ रोकथाम तथा नियन्त्रणबारे छलफल भएको छ ।

बैठकमा खोप व्यवस्थापन तथा नयाँ भेरियन्टसहितको तेस्रो लहरको



सम्भावनालाई दृष्टिगत गरी संक्रमण रोकथाम नियन्त्रण र उपचारका लागि तयारी अवस्थामा रहन तथा स्वास्थ्य संस्थाको सुदृढीकरण गर्न र स्वास्थ्य मापदण्डको पूर्ण पालनामा जोड दिइएको छ ।

बैठकले सबै सेवाप्रदायक निकायहरूमा सेवाग्राहीलाई स्वास्थ्य मापदण्डको पूर्ण पालना गरेरमात्र कार्यालयमा प्रवेश गराउने व्यवस्था मिलाउन निर्देशन दिएको छ ।

# कुश्मा नगरपालिकामा तालाबन्दी

**पर्वत/मस–** लामो समयदेखि वडा सचिव नपाएको भन्दै कुश्मा नगरपालिका–२ खुर्कोटका जनप्रतिनिधि र स्थानीयवासिन्दाले कुश्मा नगरपालिकामा तालाबन्दी गरेका छन् । जनप्रतिनिधि सहभागितामा कुश्मा नगरपालिकाको कार्यालयमा आज तालाबन्दी गरिएको हो भने वडा कार्यालयमा समेत स्थानीयले ताला लगाएका हुन् । वडाध्यक्ष यदुनाथ शर्मा बाँस्तोलाको नेतृत्वमा आएका स्थानीयले कुश्मा नगरपालिकाको मूल गेटमा ताला लगाएका हुन् ।

गत कात्तिक १४ देखि स्वास्थ्य चौकीका इञ्चार्जलाई काजमा खटाएर अहिलेसम्म वडा सचिव नपठाएको भन्दै नगरपालिकाको ध्यानाकर्षण गराउन तालाबन्दी गर्नुपरेको वडाध्यक्ष बाँस्तोलाले बताए । नगरपालिकाले काजमा खटाएका स्वास्थ्य चौकीका इञ्चार्ज टेकनाथ सुवेदीले वडा र स्वास्थ्य चौकीको काम हेर्न नभ्याएको बताउँदै आएका छन् । नगरप्रमुख, उपप्रमुख र प्रमुख प्रसासकीय अधिकृतलाई धेरै पटक सचिवको माग गरे पनि नौ महिनासम्म सचिव नखटाएको भन्दै वडाका जनप्रतिनिधिसहित आएका खुर्कोटवासीले तालाबन्दी गरेका हुन् । सचिव नहुँदा दैनिक प्रशासनिक कामकाजमा समस्या भएको वडाध्यक्ष यदुनाथ शर्मा बास्तोलाले गुनासो गर्नुभएको छ । वडा कार्यालयमा कार्यरत सचिव सन्जु शर्मा कोभिड संक्रमित भएर कार्यालयमा आउन नपाएकाले यो अवस्था सिर्जना भएको कुश्मा नगरपालिकाका निमित्त प्रमुख प्रशासकिय अधिकृत विष्णुप्रसाद तिवारीले बताए । उनले कार्यालयले खटाएका सचिव निको भएपछि हाजिर हुने भएकाले स्थानीयलाई आक्रोशित नबन्न अनुरोध गरेका छन् ।

## सम्पादकीय

### राजनीतिक स्थायित्वको दायित्व

पाँच वर्षे जनमतको बलमा शक्तिशाली सरकारको नेतृत्व गर्ने अवसर बीचैमा गुमाएका नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीकै वरीपरी राष्ट्रिय राजनीति अहिले पनि घुमिरहेको छ । नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवाको नेतृत्वमा गठबन्धनका सरकार बनेपछि ओली प्रमुख विपक्षी दलका नेता हुन् । तर संसदीय शक्ति समीकरणका कारण राष्ट्रिय राजनीतिको केन्द्रमा अझैपनि ओली रहेका हुन् । किनकि एमाले संघीय संसदको प्रमुख दल हो । २७५ सदस्यीय प्रतिनिधिसभामा एमालेसँग १२१ सांसद छन् । हाल कायम संसद संख्याका आधारमा १३६ सांसद भनेको सरकार बनाउन पुग्ने बहुमत हो । अर्थात् एमालेलाई सरकार बनाउन १५ सांसद मात्रै अपुग छ । जनता समाजवादी पार्टी (जसपा) को वैधानिकता गुमाएका महन्थ ठाकुर पक्षको मन अझैपनि ओलीसँगै छ ।

७ जेठमा दोस्रो पटक प्रतिनिधिसभा विघटन गर्दा ठाकुरसँग जसपाका २० सांसदले साथ दिएका थिए । जसपाका अध्यक्ष उपेन्द्र यादवसँग १२ सांसद मात्रै थिए । यसको अर्थ ओलीले चाहेका भए त्यसैबेला पनि सरकार टिकाउन आवश्यक संख्या पुग्थ्यो । किनकि एमालेका बरिष्ठ नेता माधवकुमार नेपाल समूह पार्टी एकता गर्दा ओलीलाई साथ दिन तयार भइसकेका थिए । माधव समूहले ओलीलाई साथ दिएकै कारण संविधानको धारा ७६ (२) बमोजिम विपक्षी गठबन्धनको सरकार बन्न सकेको थिएन । त्यसपछि ३० वैशाखमा फेरि ओली धारा ७६(३) बमोजिम प्रधानमन्त्री नियुक्त भए । तर ओलीले सरकार चलाउन चाहेनन् । संसद् विघटनको बाटो रोजे । राष्ट्रपति विद्यादेवी भण्डारी र ठाकुर समूहसँगको मिलेमतोमा ओलीले असंवैधानिक कदम चालेर संसद् विघटन गरेका थिए ।

तर सर्वोच्च अदालतले संसद् पुनर्स्थापना गर्दै देउवालाई प्रधानमन्त्री नियुक्त गर्न परमादेश दियो । देउवा प्रधानमन्त्री बनेर ३ साउनमा विश्वासको मत समेत पाएका छन् । तर अझैपनि राजनीतिक अस्थिरता लम्बिने र राजनीति झनै बदनाम हुने संभावना देखिन्छ । किनकि एमालेभित्र एकताले सार्थकता पाएको छैन । यदि एमाले एकता नहुने हो भने सत्तारूढ गठबन्धनसँग दुई तिहाइ पुग्नेछ । ठाकुर समूहका सांसदहरूको पद धरापमा रहेकाले एमालेबाट माधव नेपाल समूह अलग हुनासाथ दुई तिहाइ पुग्नेछ । यसको पहिलो असर राष्ट्रपतिमाथि पर्ने खतरा छ । किनकि सत्तारूढ गठबन्धनले राष्ट्रपति भण्डारीले असंवैधानिक कदम चाल्न ओलीलाई साथ दिएको आरोप लगाउँदै आएको छ । तसर्थ अहिले पनि राजनीतिक अस्थिरता रोक्ने, संविधान कार्यान्वयन गर्दै समृद्ध राष्ट्र निर्माण गर्नतिर मुलुक अगाडि बढाउने दायित्व फेरि पनि राजनीतिक नेतृत्वको नै हो ।

## सामाजिक सञ्जाल



एमालेका चार–पाँच जना सांसदले प्रधानमन्त्रीलाई भेटेर सांसद पद गए पनि हामी मन्त्री बन्छौं भनेछन्  तर, प्रधानमन्त्रीले माधव नेपालले भने मात्र हुन्छ भनेर फर्काएछन् – प्रचण्ड । नोट : पार्टीमा कुनै योगदान नगरेका अवसरवादीसँग मोटो चन्दा असुलेर सांसद बनाउने समानुपातिक व्यवस्था नै खतम हो ।

- **दिपेन्द्र बिष्ट**



शरणार्थीको मुद्धामा १७ पटक परराष्ट्र मन्त्री स्तरिय वार्ता भए तर, १० जना शरणार्थी घर फिर्ता पठाउन सकिएन । त्यति बेलादेखि चुकेको हामी अहिले उब्रेको ३ लाख खोप दिन्छुभन्दा किन बुर्कुसी मार्नु पर्‍यो ? अनि जनताको जीवन र छिमेकीको सदासयताभन्दा ठुलो कुरा केही होइन किन इगो साध्नु अब ?

- **अनिल गिरी**



हुन त महामारी, विपदमा एकअर्को छिमेकका बीच पारस्परिक सहयोग हुनु राम्रो कुरो हो । सौहार्दताको परिचायक पनि हो । तर केही वर्ष अगाडिका डेटामा देखिएको हाम्रो अग्रता आज पल्टाउँदा हामी राजतन्त्रात्मक सानो देश भुटानभन्दा धेरै माईल पछाडी पर छौं किन ? ए भ्रष्ट नकच्चराहरू ! बरू पासो लागेर मर देश बन्धक नबनाउ ।

- **गोविन्दकुमार थापा**



सीमा नजोडिएको सानो छिमेकीले ३ लाख डोज खोप पैँचो सहयोग गरेर गुण लगाउँछ । सीमा जोडिएको कथित लोकतान्त्रिक ठुलो छिमेकीले कहिले नाकाबन्दी गरेर, कहिले तुइन काटेर मान्छे मारी उदारता देखाउँछ । भन्न खोज्दै थिएँ नेपाली भाषी आफ्ना नागरिकलाई शरणार्थी बनाएको पनि याद आएर मन चसक्क भयो ।

- **कृष्ण अर्याल**



एमालेको विधानले दोस्रो अध्यक्षमात्र होइन दोस्रो वरिष्ठ नेता पनि चिन्दैन । विधानअनुसार वरिष्ठ नेता झलनाथ खनाल हुन् ? माकुनेलाई प्रचण्डले दिएको वरिष्ठ नेताको पगरी एमालेले झिकेर १५ जना पदाधिकारीभन्दा पछिको वरियतामा बस्छन् भने एमालेमा भित्र्याए हुन्छ नत्र पेरिसडाँडा कटाउ ।

- **अस्मिता थापा**

### लेखक तथा पाठकवर्गमा अनुरोध

तपाईसँग सार्वजनिक सरोकारका विषयमा कुनै लेख, अनुभव वा प्रतिक्रिया छन् भने सरल भाषाशैलीमा लेखेर पठाउनु होला । समसामयिक तथा सार्वजनिक चासोको विषयलाई हामी उचित स्थान दिने छौं । कसैप्रति पूर्वाग्रह राखेर पठाइएका सामाग्री प्रकाशन गर्न बाध्य हुने छैनौं ।

मध्यान्ह राष्ट्रिय दैनिक
इमेल: article.madhyanhadaily@gmail .com

# सार्वजनिक सेवामा जिम्मेवारी व्यवस्थापन

**बहु आयामिक व्यवस्थासाथ राज्यको सार्वजनिक प्रशासनलाई ऐनकानुनका आधारमा गतिशील बनाउने काम गर्न सरकारी, अर्धसरकारी वा निजी क्षेत्रबाट प्रवाह हुने सेवा होस् सबै प्रकारका सार्वजनिक चासोका सेवा गुणस्तर र नतिजाप्रति निजामती सेवाका पदाधिकारी वर्गको संस्थागत रुपमा पूर्ण जवाफदेहिता उच्च हुनु पर्दछ, भन्ने राजकीय मान्यता हुन्छ । तर नेपालमा यी पक्षमा ध्यान पुगेको छैन र जतासुकै अराजकता मौलाएको अनुभूति हुन्छ ।**



● ईश्वरीप्रसाद पोखरेल

#### जिम्मेवारी हस्तान्तरणमा आनाकानी

कर्मचारी व्यवस्थापन पिरामिड आकारको ओहदानुकूल संरचनामा चलाइएको र पदनै सर्वेसर्वा हुने शक्ति केन्द्रीकरण पद्धतिमा रमाएको देखिन्छ । सबै कर्मचारीहरुको सहभागितामा कार्यक्रम निर्माण र नियमित बैठक बस्ने भनिएपनि व्यवहारमा कार्यालयमा कुनै बैठक नबस्ने र सहभागितामा कामको बाँडफाँड नगर्ने र जवाफदेहितामा पूर्ण विकेन्द्रीकरण नहुने पद्धति विकास भएको पाइन्छ । सरकारी मन्त्रालय तथा निकायमा मन्त्री, सचिव वा पदाधिकारी वर्गको 'आफैँ धामी आफैँ बोक्सी' झै कार्यविधि आफैँ बनाउने, आफ्नै सुविधानुसारका टिप्पणी उठाएर काम गर्ने प्रचलन पाइन्छ ।

सार्वजनिक सेवाका सबै काममा अपारदर्शी तरिकाले कार्यसम्पादन गर्न मिल्ने आस्थागत, स्वार्थ समूहगत, निजी सचिवालय खडा गरेर काम गर्ने पद्धति पनि विकास भएको देखिन्छ । संरचनागत निकाय, पदाधिकारी वर्गको तहबाट काम नहुने तथा कुनै सत्यतथ्य विवरण सार्वजनिक नगर्ने पद्धतिको विकास भएको पाइन्छ । सार्वजनिक नेतृत्व तहबाट नै विकृत कार्यको प्रश्रय हुनाले सेवाभित्रका धेरै कर्मचारी तथा आम सेवाग्राही जनताहरु सार्वजनिक कार्यालयको सेवा प्रवाह र नेतृत्वको कार्यशैलीप्रति खुशी हुँदैनन् भन्ने देखाउँछ । फलत : सहभागितामूलक निर्णय तथा कार्यान्वयन कतै नहुने पद्धतिले कार्यालयभित्र तथा बाहिर जनताको तह दुवैतर्फ सरकारको आलोचना तथा विरोध हुने गर्दछ ।

#### पेसागत नेतृत्वको अभाव

नेपालको सार्वजनिक प्रशासनमा निवृत्त भएका र बहालवाला धेरै कर्मचारीहरुको अनुभव पेसागत क्षमता बृद्धिमा विचित्रको सुन्न पाइन्छ । उनीहरुका दृष्टिमा अपवादलाई छाडेर भन्नुपर्दा प्रायः कुनै पनि सेवा तथा विषयगत सेवाका उपल्लो तहको नेतृत्वबाट आफू मातहतका तल्लो तहका कर्मचारीहरुलाई पेसागत दक्षता बढाउन कोचिङ्ग, मेन्टोरिङ्ग र उत्प्रेरणाका काम विरलै हुने गरेको सुनिन्छ ।

बहु आयामिक व्यवस्थासाथ राज्यको सार्वजनिक प्रशासनलाई ऐनकानुनका आधारमा गतिशील बनाउने काम गर्न सरकारी, अर्धसरकारी वा निजी क्षेत्रबाट प्रवाह हुने सेवा होस् सबै प्रकारका सार्वजनिक चासोका सेवा गुणस्तर र नतिजाप्रति निजामती सेवाका पदाधिकारी वर्गको संस्थागत रुपमा पूर्ण जवाफदेहिता उच्च हुनु पर्दछ, भन्ने राजकीय मान्यता हुन्छ । तर नेपालमा यी पक्षमा ध्यान पुगेको छैन र जतासुकै अराजकता मौलाएको अनुभूति हुन्छ ।

सार्वजनिक सेवालाई परिचालन तथा व्यवस्थापन गर्ने ऐन कानुन एउटै छ र सबै सेवा समूह धारका कर्मचारीहरुलाई समान व्यवहार गर्ने नीतिगत व्यवस्था अनिवार्य हुन्छ । तर पछिल्लो अभ्यासमा कर्मचारीहरुलाई संघ, प्रदेश तथा स्थानीय तहमा समायोजन गर्दा सामाजिक तथा प्राकृतिक न्यायपूर्ण नहुने गरी प्रशासनलाई मात्र प्राथमिकतामा राखेर समायोजनको काम भएको व्यापक गुनासो छ । परिणामत : आत्मगौरव नभएका मालिक र दास वर्गमा सार्वजनिक प्रशासन प्रदेश र स्थानीय तहमा विभाजित हुन पुगेको छ ।



नेपाल सरकारका निजामती सेवामा १२ ओटा प्रकृतिका विषयगत सबै सेवासमूहलाई राज्य तहबाट समन्वय गर्ने कार्य भूमिका सामान्य प्रशासन सेवाको मन्त्रालयलाई प्राप्त छ । यसर्थ राज्य तहबाट गरिने निजामती प्रशासन सम्बन्धी ऐनकानुन निर्माण र सबै मन्त्रालय, आयोग, निकाय जस्तामा जनशक्ति व्यवस्थापन गर्नका लागि हुने अध्ययन, अनुसन्धान र सबै किसिमको कामको जिम्मेवारी पनि नेपाल सरकारले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई तोकेको देखिन्छ ।

सार्वजनिक सेवाको साझा अभिभावकको भूमिकामा हुनुपर्ने संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सामान्य प्रशासन सेवा समूहप्रति विशेष मोहमा परेको पाइन्छ । यसले गर्दा प्राविधिक र विषयगत सेवाका सबै सार्वजनिक कर्मचारीले सामान्य प्रशासन मन्त्रालयको नेतृत्वलाई विश्वास गर्न नसकेको आरोप सञ्चार क्षेत्रमा समेत सुनिन्छ । यसर्थ राज्यले सार्वजनिक सेवामा सबैको साझा अभिभावकत्व बहन गर्ने निष्पक्ष निकायको आवश्यकता महसूश गरी सम्बोधन गर्न पर्दछ ।

#### राज्यको दायित्व

राज्यका कामहरु प्रायः सार्वजनिक प्रकृति तथा जनचासोका हुन्छन् । तापनि कतिपय काम गर्ने स्थल वा कार्यमा पनि व्यक्तिको रोजाइ र मन नपराउने प्रकृतिका हुन्छन् । सार्वजनिक पदाधिकारीका लागि जागीरको सबै समय एकनासको हुँदैन र हुनु पनि हुँदैन । सार्वजनिक सेवामा भएका पदाधिकारीहरुले आकर्षक र अनाकर्षक जिम्मेवारी तोकिएका पदमा बसी काम पनि गर्नुपर्ने दायित्व हुन्छ ।

सेवाहरुमध्ये कतिपय वैयक्तिक रुपमा कुनै लाभ हुने र कुनै लाभ नै नहुने हुन्छन् । तर देश, समाज र जनताका लागि दुवै थरी काम राज्य सरकारी तहबाट नगरी नहुने प्रकृतिका हुन्छन् । यो काममा सरकारी तथा निजी क्षेत्रका कुनै नागरिकको पनि रुचि नहुन सक्छ वा छैन, यसर्थ छाडी दिउँ सरकारले भन्न मिल्दैन र जनताको हितमा आफूलाई त्यो काममा अनिवार्य लगाउनु पर्ने हुन्छ ।

सार्वजनिक सेवामा समान योग्यता, कार्य क्षमताको हैसियत र पदमा बहाल हुने पदाधिकारीले ती काममा सामाजिक तथा प्राकृतिक न्याय हुने गरी आफू र मातहतका कर्मचारीलाई लगाउनु पर्दछ । तसर्थ सबै सेवा, समूह तथा उपसमूहभित्र कहिले मन्दिर, कहिले शौचालयमा पनि खुशीसाथ काम गर्ने सामाजिक तथा प्राकृतिक न्यायपूर्ण वातावरण मिल्ने गरी चक्रिय सरुवा पद्धतिको व्यवस्था गर्ने दायित्व राज्य नेतृत्वको हुन्छ ।

सार्वजनिक सेवामा एउटै प्रकृतिको सर्तमा सेवा प्रवेश भएका कर्मचारीहरुभित्र पनि राजनीतिक आस्था, हाकिमसंगको निकटता र सत्ता, शक्ति र दवावमा कतिपय कर्मचारीहरु अवसरै अवसर, फाइदै फाइदामा रह्ने तथा सबै सेवा सुविधाले युक्त हुने र कतिपय कर्मचारीहरु चाहिँ अभावै अभाव, पिडा नै पिडामा हुने विभेदकारी कुशासनले ग्रस्त हुन्छन् ।

अतः तीन तहको स्वाभीमान (पेसागत इमान, चारित्रिक नैतिकता र जुनसुकै लाज) छाडेर नेतृत्वसँग लम्पसार परेर मागेमा जे पनि पाइने तर यी तीन पक्षको सम्मान गरी जागिर खान्छु र वृत्ति विकास चाहन्छु भन्नेले केही अवसर, सेवा सुविधा नपाउने नेपालको कर्मचारीतन्त्रमा वैयक्तिक रुपमा गुनासो गर्ने कुनै ठाउँ रहन्न भन्नेहशर प्रशस्त पाइन्छन् ।

#### जवाफदेहिता आवश्यक

यी माथि उल्लेखित प्रतिनिधि आरोपित घटनाहरुलाई बेवास्ता गरेर जान सकिँदैन । यी विवरणहरुले प्रायः सार्वजनिक कार्यालयहरुमा कुनै सुशासन कायम छैन र नेतृत्वमा सामाजिक न्याय गर्ने विवेक नष्ट नै नभएको भन्ने देखाउँछ । तापनि काम गर्ने र नगर्ने, सुविधा पाउने र सुविधाविहिन तथा राजनीतिक संलग्न र अराजनीतिक कर्मचारीका बीचमा देखिने विभेदबारे राज्य तथा नेतृत्व सम्वेदनशील हुनै पर्दछ । यी दुई थरिका संस्कार बोकेका कर्मचारी मनोवृत्तिबारे राज्यको जिम्मेवार निकायबाट वस्तुनिष्ठ मूल्यांकन हुने तथा सामाजिक न्यायपूर्ण प्रशासन चलाएको विश्वासले मात्र सुशासन मौलाउन सक्छ । सार्वजनिक प्रशासनिक नेतृत्व तहलाई फजुल खर्चका मार्गहरुलाई नियमन गर्न तथा मितव्ययितालाई अपनाउन जोड गर्न लेखा अभिलेख, परीक्षण र पारदर्शिता मुख्य हुन्छ । तर विद्यमान अवस्थामा नेपाली प्रशासन कुबाटोमा हिडेको आरोपलाई विभिन्न तथ्यहरुका कारण ठाडै इन्कार गर्न सकिने अवस्था बनिसकेको छैन । यसर्थ संघ, प्रदेश तथा स्थानीय तहका सबै निकाय र पदाधिकारीहरु मानव संसाधन विकास तथा प्रयोगमा अति सम्वेदनशील तथा नैतिक र जिम्मेवार हुनु जरुरी देखिन्छ ।

#### सार्वजनिक सेवाका समस्याहरु

राज्यको सार्वजनिक सेवाको मुख्य मेरुदण्ड निजामती सेवालाई मानिन्छ । संघीय र प्रादेशिक तहमा निजामती र स्थानीय तहको सेवा पहिचान दिएको छ । मुलुकको स्थायी सरकार निजामती सेवा राज्यका सबै साधन स्रोतको हर्ताकर्ता, अभिलेख धर्ता र उपयोगकर्ता वर्गको राम्रो पहुँच राख्ने कर्मचारी हुन् । राज्यका तीन धार कार्यपालिका, न्यायपालिका तथा संवैधानिक निकाय हुन्छन् । ती सबै सेवामा निजामती सेवाका कर्मचारीहरु खटिन्छन् । सार्वजनिक सेवाका १२ वटा सेवाहरुलाई विभिन्न समूहमा विभाजित तथा कार्य प्रकृतिका आधारमा समूहीकृत गरेर तीन धारका कर्मचारीमध्ये प्रशासन तथा व्यवस्थापनका क्षेत्रलाई सर्वोच्च स्थान दिएर विशिष्ट तहसम्म वृत्ति विकासको मार्ग खुला छ । यसले गर्दा प्रायः सबै प्राविधिक तथा व्यावसायिक विषयगत सेवाभित्रका समूह, उपसमूहले समान न्याय नपाएको गुनासो निरन्तर सुन्ने गरिन्छ । यद्यपि सार्वजनिक सेवालाई परिचालन तथा व्यवस्थापन गर्ने ऐन कानुन एउटै छ र सबै सेवा समूह धारका कर्मचारीहरुलाई समान व्यवहार गर्ने नीतिगत व्यवस्था अनिवार्य हुन्छ । तर पछिल्लो अभ्यासमा कर्मचारीहरुलाई संघ, प्रदेश तथा स्थानीय तहमा समायोजन गर्दा सामाजिक तथा प्राकृतिक न्यायपूर्ण नहुने गरी प्रशासनलाई मात्र प्राथमिकतामा राखेर समायोजनको काम भएको व्यापक गुनासो छ । परिणामत : आत्मगौरव नभएका मालिक र दास वर्गमा सार्वजनिक प्रशासन प्रदेश र स्थानीय तहमा विभाजित हुन पुगेको छ ।

*(लेखक पोखरेल शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयका उपसचिव हुन् ।)*

# दलित मोर्चा होइन बृहत मोर्चा

**समाजलाई समृद्ध, समुन्नत र विभेद रहित बनाउनको लागि सकारात्मक अभियानको जरुरी छ । जातीय विभेद अन्त्यको निम्ति दलित मोर्चा होइन बृहत मोर्चाको आवश्यकता छ । जहाँ समुन्नत समाजको सोंच राख्ने सबै जात र समुदायको प्रतिनिधित्व रहनु पर्दछ ।**



● हुमन तिवारी

सामाजिक चिन्तन र सांस्कृतिक रुपान्तरणको विषय सहज छैन । समय, घटनाक्रम र सामाजिक अभियानसँगै क्रमिक सुधार हुँदै जाने विषय हुन् । जसरी बालक जन्मेपछी एकैचोटी वयस्क नभइ बिस्तारै बृद्धि र विकास हुने क्रम रहन्छ त्यसरी नै मानवीय चिन्तन र सांस्कृतिक रुपान्तरण समयसँगै परिवर्तन हुँदै जाने हुन्छ । जसको लागि उचित अभियान र सकारात्मक जागरणको आवश्यकता पर्दछ । धनी र गरिब, ठूलो र सानो, टाढा र नजिक जस्ता विषयहरु भौतिक हुन सक्दछन् जसलाई भौतिकवादी दर्शन र आक्रामक अभियानको मद्दतले छोटो समयमै परिवर्तन गर्न सम्भव देखिन्छ । तर सामाजिक चिन्तन र सांस्कृतिक रुपान्तरण परिवर्तनको लागि लामो समयको नियमित र सकारात्मक अभियानको जरुरत पर्दछ ।

हाम्रो समाजको जातीय विभेदलाई सामाजिक र सांस्कृतिक समस्याको रुपमा औंल्याइदै आएको छ । हामीले यो समस्या भौतिकवादी सोंचकै तवरले छिनभरमै समाधान गर्ने प्रयत्न गर्दछौ र जागरणको नाममा नकारात्मक अभियान जबर जस्ती चलाउन खोज्दै छौ । हिन्दु धर्मले जातीय विभेद गर्यो भन्ने नाममा हिन्दु धर्ममाथि नै प्रहार गर्ने, बाहुन/क्षेत्री समुदायले विभेद गर्यो भन्ने नाममा सम्बन्धित समुदायप्रति नै आक्रमण गर्ने प्रवृत्ति देखिँदै छ । जुन बिल्कुलै गलत, अवैज्ञानिक र नकारात्मक अभियान हो ।

कुनैपनी धर्म समुदाय र जातीय पहिचानको उच्च सम्मान गरि सकारात्मक जागरणबाट नै हाम्रो समाजमा देखा परेका सामाजिक र सांस्कृतिक खासगरी जातिय समस्या समाधान गर्न सकिन्छ । समाजले ठूलो जात भनेको समुदायमा सकारात्मक अभियानले मानव जाती एक हो, जनावर लाई छुवाछूत गर्दैनौ भने मानवलाई किन अछुत भन्ने ? जस्ता कयौं प्रश्न खासगरी युवा जमातमा उब्जिएको परिस्थिती छ । मलाई त फरक पर्दैन समाजले के भन्छ भन्ने सोंचमा बदलिइसकेको मनस्थितिलाई थप सकारात्मक जागरणले रुढीबादी समाजलाई नै परिवर्तन गर्न सक्दछ । तर, विभेद गरेको नाउँमा धर्म र जातिमाथि आक्रमण गर्दै जाँदा शोषक भनिएको वर्गमाथी पुरानै शैली र नकारात्मक प्रवृत्तिसहितको एकता बढ्दै जान्छ र फरक जातीबिचको द्वन्द्व हाम्रो समाजमा अनन्त कालसम्म रहिरहन्छ ।

अतः समाजलाई समृद्ध, समुन्नत र विभेद रहित बनाउनको लागि सकारात्मक अभियानको जरुरी छ । जातीय विभेद अन्त्यको निम्ति दलित मोर्चा होइन बृहत मोर्चाको आवश्यकता छ । जहाँ समुन्नत समाजको सोंच राख्ने सबै जात र समुदायको प्रतिनिधित्व रहनु पर्दछ । सामाजिक चिन्नत र सांस्कृतिक रुपान्तरणको लागि कुनै एक वर्ग वा समाजले मात्रै पहल गरेर हुँदैन । यसमा सबैको समान सहभागिता र भूमिका रहनुपर्दछ । जबसम्म सबै वर्ग, जाती, लिङ्ग र धर्मका मान्छेहरु समान हिसाबले सहभागिता हुँदैन तबसम्म यो अभियानलाई निर्मुल पार्न सकिँदैन् ।

# मेलम्चीका बाढीपीडित फेरि विस्थापित

**देवराज सुवेदी / रासस**
मेलम्ची, १७ साउन

भ्रेमाथाङमा गत असार १ मा बाढीसँगै आएको पहिरोले क्षति पुऱ्याएको ४७ दिनपछि मेलम्ची खोलामा फेरि बाढी आएर २० घर र करोडौं मूल्यका खेत बगाएको छ । बिस्तारै सामान्य स्थितिमा आउन लागेका हेलम्बु र मेलम्चीका बाढीपीडित फेरि विस्थापित भएका छन् ।

हेलम्बु- १ का आशा भन्छिन्,' बस्ने ठाउँ नभएर होस्टेलमा बसेका थियौं यहाँ पनि जोखिम बढ्यो अब कहाँ बस्ने ?'उनीजस्तै ९० परिवारको घर असार १ को पहिराले पूर्ण क्षति भएर पाल, टहरा र आफन्तकामा आश्रय लिएर बसेका छन् । हेलम्बुकै सरस्वती मगर घाम र पानीका बेला पालमा जीवन गुर्जान गाह्रो भएको गुनासो गर्छिन् ।

मेलम्ची बजारवासीको पनि उस्तै पिडा छ । केही आफ्ना घर पसल सफा गरी सरिसकेका थिए तर शनिबारको बाढीपछि उनीहरु फेरि सुरक्षित स्थानतर्फ लागेका छन् । शनिबार रातिदेखि आएको बाढीले हेलम्बु गाउँपालिका र मेलम्ची नगरपालिकाका २० घरटहरा बगाएको छ। बाढीले रेडियो मेलम्चीको भवन पनि बगाएको छ। पक्की र कच्ची गरी २० घर टहरा बगाएको र तीन घर डुबेको जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक राजन अधिकारीले जानकारी दिए ।

उनका अनुसार असार १ गते आएको भीषण बाढीले लेदो भरिएका घर फेरी गएरातिको बाढीले बगाएको हो । ती घर खाली थिए । बाढीले चनौटेको रातो पुल बगाएको छ । स्थानीय हस्त पण्डितले दिएका जानकारीअनुसार राति ७ :४५ बजे पुल बगाएको हो । मेलम्ची- ७ र ८ पाँचपोखरी- १ र २ र हेलम्बुका धेरै वडा जोड्ने एकमात्र विकल्पको यो पुल थियो । पुल बगाएसँगै अब यो भेगमा सवारी साधानको आवतजावत बन्द भएको छ ।

त्यस्तै ग्यालथुमको एउटा झोलुङ्ग पुल बगाएको छ । बाढीले धार परिवर्तन गरेर तालामाराङ प्रहरी चौकीको भान्छा पनि बगाएको छ । अहिले ग्याल्थुमका ४० घर जोखिममा परेका छन् । अब मेलम्ची बजारदेखिमाथि कुनै पुल बाँकी नरहेको हेलम्बु गाउँपालिकाका अध्यक्ष निमा ग्यालजेन शेर्पाले जानकारी दिए ।

खोलामा लेदोसहितको बाढी आएको र बाढी घट्ने, बढ्ने भइरहेको उनको भनाइ थियो ।

हेलम्बु राजमार्गका विभिन्न स्थानमा पहिरो जाँदा मेलम्चीबाट हेलम्बुमा सवारीसाधन जान नसकेको त्यहाँका नगरप्रमुख डम्बर अर्यालले जानकारी दिए ।

### बजारवासी आन्दोलित

नगरपालिकाले नदी नियन्त्रण गरी बस्ती जोगाउन चासो नदिएको भन्दै मेलम्ची बजारवासी आन्दोलित भएका छन् । आइतबार उनीहरुले नगरप्रमुख र त्यहाँका पदाधिकारी नदी नियन्त्रण गरी बस्ती जोगाउन उदासिन रहेको भन्दै नाराबाजी गरे । बाढी आएको दिनदेखि नगरका प्रतिनिधि आफ्नो क्षतिग्रस्त बस्तीमा नआएको स्थानीय बाढी प्रभावित एवं मेलम्ची पुनःनिर्माण समितिका अगुवा सागर श्रेष्ठले बताए ।

### जोखिम घट्ने स्थिति छैनः शेर्पा

बाढीग्रस्त क्षेत्रको मुहान हेलिकप्टरमार्फत पुगेर अनुगमन गरी काठमाडौं फर्किएका गाउँपालिकाका अध्यक्ष निमा ग्यालजेन शेर्पाले तत्काल पहिरोको जोखिम घटने स्थिति नभएको बताए ।



मेलम्ची करिडोरका बासिन्दालाई तत्काल अन्यत्र सुरक्षित ठाउँमा सार्नुको विकल्प नभएको उनको भनाइ थियो । लेदो भीमथाङबाट बग्नेक्रम जारी छ, वैकल्पिक बसोबासका लागि म प्रयासरत छु, यही क्रममा गृहमन्त्रीसँग वस्तुस्थितिको जानकारी गराइसकेको छु । 'प्रधानमन्त्रीसँग समेत भेटेर जानकारी गराउनेछु', उनले भने । त्यहाँको पहिरो रोक्नका लागि सरकारले विज्ञ पठाएर अनुसन्धान गर्नुपर्ने उनको माग थियो ।

### विज्ञसहितको टोली भेम्राथाङ पठाइने

गृहमन्त्री बालकृष्ण खाँणले मेलम्ची नदीमा आएको भीषण बाढी र पहिरोबारे अध्ययन गर्न विज्ञको टोली पहिरो उद्गमस्थल भ्रेमाथाङ पठाउन निर्देशन दिएका छन् ।

बाग्मती प्रदेशसभा सदस्य निमा लामाका अनुसार पहिरोको उद्गमस्थल पुगेर त्यहाँको अवस्थाबारे अध्ययन गर्न राष्ट्रिय विपद् व्यवस्थापन न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत अनिल पोखरेललाई गृहमन्त्री खाँणले बिहानै निर्देशन दिएका हुन् ।

### चनौटेमा तत्काल बेलिवृज निर्माण गरिने

हेलम्बु गाउँपालिकालाई सडक सञ्जालसँग जोड्ने चनौटेको रातोपुलको स्थानमा तत्काल बेलिब्रिज निर्माण गरिने भएको छ । बाढीले आइतबार बिहान सो पुल बगाएको थियो ।

नेपाली कांग्रेसका नेता तथा पूर्वसञ्चारमन्त्री मोहनबहादुर बस्नेतले नेपाल सरकारको सहयोगमा तत्काल आवतजावतका लागि सहजीकरण गर्ने उद्देश्यले बेलिब्रिज निर्माणका लागि पहल गरिने बताएका हुन् । बाढीबाट भएको क्षतिबारे प्रधानमन्त्री तथा गृहमन्त्रीलाई जानकारी गराइएको बताउँदै उनले तत्काल पुल निर्माण शुरु गरिने प्रतिबद्धता व्यक्त गरे ।


## कतारमा रोजगारको अवसर
१. कम्पनी : CHAI GRAM CAFETERIA शहर : DOHA
पूर्व स्वीकृत मितिः २०७८/०४/१७ चलानी नं.: ६०१६०९३२ L.T. No.: 243265

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Sandwich Maker | 1 | 0 | स. काममा दक्ष | 1500 | ४८,९३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी : MATAIL WMATABIKH BRNUYOOSH शहर : DOHA
पूर्व स्वीकृत मितिः २०७८/०४/१७ चलानी नं.: ६०१६०९३१ L.T. No.: 243264

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Gen Clean Worker | 3 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३२,६२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Waiter | 1 | 0 | | 1400 | ४५,६६८ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ साउन २५ गते (9 August 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Mac International Manpower Pvt. Ltd.**
श्रम इजाजत नं. १०७७/०७३/०७४
Tinkune-32, Kathmandu | Tel :01-4489920, 4489970 | 9813591490 & 9861898159
Email: macintlmanpower@gmail.com, Webside : www.macintlmanpower.com


## चुलाचुली गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
चुलाचुली, इलाम
१ नं. प्रदेश, नेपाल

### बोलपत्र आव्हानको सूचना

**प्रथम पटक प्रकाशित मितिः २०७८/०४/१८ (2 July 2021)**

यस कार्यालयको आ.व. २०७८/०७९ को तपशील वमोजिमको स्वीकृत कार्यक्रम शिलबन्दी बोलपत्रको माध्यमबाट खरिद गर्नु पर्ने भएकाले निर्माण व्यवसायीहरुले निम्न शर्तहरुको अधिनमा रही शिलबन्दी बोलपत्र पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छः

**शर्तहरू**

१. तपशीलमा उल्लेख भए अनुसार दस्तुर (फिर्ता नहुने गरी) चुलाचुली गाउँपालिका कार्यालयको NMB Bank Chulachuli, Ilam शाखामा रहेको ग-१-१ चुलाचुली गाउँपालिका आन्तरिक **राजश्व खाता नं. १०३००६०७४४२०००३०** मा जम्मा गरेको भौचर साथ निर्माण **व्यवसायीले व्यवसाय नवीकरण भएको ईजाजतपत्र, आय कर तथा मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र**को प्रतिलिपि र **आ.व. २०७६/०७७ को कर चुक्ताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि**हरू संलग्न राखी यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले **३०औं दिन** (मिति २०७८/०५/१५ (31 Augest 2021) गतेका दिन कार्यालय समय भित्र E-Procrument तथा हार्डकपी मार्फत सार्वजनिक खरिद अनुगमन कार्यालय **(PPMO)** को **website www.bolpatra.gov.np** बाट बोलपत्र खरिद गर्न सकिने छ ।
२. खरिद भएको बोलपत्र फारमहरू उल्लेख भएका सबै विवरण रितपूर्वक भरी बोलपत्रदाताले प्रत्येक पानामा सही छाप गरी कामको विवरण, बोलपत्रदाताको नाम, ठेगाना र फोन नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई शिलबन्दी लाहाछाप प्रथम पटक सूचना प्रकाशन भएको मितिले **३१औं दिन (मिति २०७८/०५/१६ (1 Sept. 2021) गते दिउसो १२:०० बजेसम्म** सार्वजनिक खरिद अनुगमन कार्यालय (PPMO) को webpage मा दर्ता गर्नुपर्नेछ ।
३. दर्ता भएका बोलपत्रहरु सोही दिन दिनको १:०० बजे कार्यालयका प्रतिनिधिहरु र बोलपत्रदाता वा निजको प्रतिनिधिहरूको रोहबरमा खोलिने छ । बोलपत्रदाता वा निजको प्रतिनिधिहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्ने कार्यमा कुनै बाधा पर्ने छैन ।
४. बोलपत्र बिक्री तथा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा उक्त कार्यहरु विदाको लगत्तैपछि कार्यालय खुलेको दिन सोही बमोजिम हुनेछ ।
५. शिलबन्दी बोलपत्र फारम साथ जमानत बापत तपशीलमा तोकिएको रकम यस कार्यालयको नाममा रहेको **धरौटी खाता नं. १०३००६०७४४२०००३७** मा रकम जम्मा गरी सक्कल बैंक भौचर वा नेपाल सरकारबाट मान्यता प्राप्त बैंकबाट जारी भएको **१२० दिन**को मान्य अवधि भएको बैंक जमानत पेश गर्नु पर्ने छ ।
६. बोलपत्रदाताले बोलपत्रमा दररेट भर्दा मूल्य अभिवृद्धि **कर बाहेक**को दररेट उल्लेख गर्नु पर्नेछ । बोलपत्रमा प्रत्येक Itemwise दर अंक र अक्षर दुवै स्पष्ट लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइने छ । केरमेट भएको ठाउँमा बोलपत्रदाताको सहीछाप भएको हुनु पर्नेछ ।
७. यस गाउँपालिकाको हितलाई ध्यानमा राखी कुनै जनाई वा नजनाई पूरा वा आंशिक रुपमा स्वीकृति गर्ने वा नगर्ने अधिकार यस गाउँपालिकामा सुरक्षित रहनेछ ।
८. रित नपुगी वा म्याद नाघी र कुनै शर्त राखी पेश हुन आएका बोलपत्रहरू मान्य हुने छैन ।
९. यस सूचनामा उल्लेख नभएका कुराहरूको हकमा सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ (संशोधन सहित) तथा प्रचलित कानुन अनुसार हुनेछ ।
१०. यस सूचना चुलाचुली गाउँपालिका कार्यालयको website - chulachulimun.gov.np मा समेत राखिएको छ ।
११. बोलपत्र स्वीकृत भएपछि परफरमेन्स बण्ड वापत बोलपत्रदातले कबोल गरेको अङ्कको नियमानुसार हुने रकम यसै सूचनाको बुँदा नं. ५ मा उल्लेख भएको खातामा नगद नै जम्मा गरेको सक्कल बैंक भौचर वा यस कार्यालयको पक्षमा न्यूनतम कार्यसम्पन्न गर्नु पर्ने अवधि भन्दा कम्तीमा **१३ महिना** बढीको म्याद राखी जारी गरेको बैंक जमानत पत्र पेश गर्नुपर्ने छ ।
१२. कामको गुणस्तर स्वीकृत स्पेशिफिकेशन अनुसार हुनु पर्नेछ । बोलपत्रदाताले निर्माण स्थल र सम्पादन गर्ने कामको सम्बन्धमा राम्रोसँग बुझी दररेट भरेको मानिनेछ ।

**तपशील**

| सि. नं. | ठेक्का नं. | कामको विवरण | ल.ई. (भ्याट बाहेक) | बोलपत्र जमानत रकम | बोलपत्र फारम दस्तुर |
|---|---|---|---|---|---|
| १ | 5/Chulachuli/ 078/79 | Himali Marga (Nursury to Tinkune Pokhari Continuation of Black Top Road of Part -4 Ward-2, Ilam. | ९०,९३,५४० | २३०,००० | ३००० |
| २ | 6/Chulachuli/ 078/79 | Continuation of Black Top Road of Simle-Aitabare-Samabesi Chowk- Rural Municipility and Ward Office Entrance Road, Ward-4, Ilam. | ८४,२२,८५० | २११,००० | ३००० |

### भूल सुधार

मिति २०७८/०४/१३ गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित साउदीमा वैदेशिक रोजगार शिर्षक, कम्पनीको नामः **DAMMAM BLOCK FACTORY FOR INDUSTRY, चलानी नं.: ६०१६०६४२ र L.T. No.:242802** को विज्ञापनमा अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौं हुनपर्नेमा अन्यथा भएकोले भुलसुधार गरिएको छ । साथै मेनपावरको ठेगाना र फोन नं. निम्न बमोजिम हुनुपर्नेमा प्राविधिक कारणले अन्यथा भएकोले भुलसुधार गरिएको छ ।


**Facility Manpower Services Pvt. Ltd.**
श्रम इजाजत नं.: २७६/०५८/०५९ P.O. Box: 19046, Kathmandu-32, Nepal, Tel.: 01-4112111



## साउदीमा रोजगारको अवसर
कम्पनी : ZAMIL OFFSHORE SERVICES COMPANY शहर: AL KHOBAR
पूर्व स्वीकृत मितिः २०७८/०३/१८ चलानी नं.: [illegible] LT. No.: 241889 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Pipe Fitter | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1400 | ४४,३३८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Common Labour | 4 | 0 | | 1000 | ३१,६७० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ साउन २५ गते ( 9 August 2021) मा हुनेछ ।

[illegible]

**Luna HR Solutions Pvt. Ltd.**
Govt. Lic. No. [illegible]
Bhimsengola-31, Kathmandu, Tel: 01-4110391, 4110394
E-mail: lunahrsolutions@gmail.com, website: www.lunahrsolutions.com



## कतारमा वैदेशिक रोजगारको अवसर
कम्पनी: ALU SMART शहर : Doha
पूर्व स्वीकृत मितिः २०७८/०४/१७ चलानी नं.: ६०१६०९२८ L.T. No.: 243250

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 12 | 0 | स. काममा दक्ष | 1000 | ३२,६२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ साउन २५ गते (9 August 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Mashareq International Overseas (P) Ltd.**
Govt. Lic No. 415/060/61
सिनामंगल-९, काठमाडौ, नेपाल, फोनः ०१- ४४९९७६३, ४४७८३३५



## साउदीमा रोजगार
१. कम्पनीः KOLIN CONSTRUCTION, TOURISM, INDUSTRY AND TRADING CO. INC. शहर : AL-KHOBAR
पूर्व स्वीकृत मितिः २०७८/०१/०५ चलानी नं.: ६०१५७५१५ LT. No.: 239406 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Duty Driver | 32 | 0 | स. काममा दक्ष | 1800 | ५७,००६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनीः KATOEN NATIE KHONAINI CO LTD शहर : Riyadh
पूर्व स्वीकृत मितिः २०७८/०३/१५ चलानी नं.: ६०१५९४०७ LT. No.: 241727 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Forklift Driver | 4 | 0 | स. काममा दक्ष | 1800 | ५६,००६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ साउन २५ गते (9 August 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Miracle Employment Service (P.) Ltd**
Po.Box: 20525, Baluwatar, Kathmandu, Nepal
Tel.: 01- 4416930, 4415239
Fax: 4415294, Email: miraclems@wlink.com.np
श्रम इजाजत पत्र नं.: ७१९/०६४/०६५



## साउदीमा रोजगार
१. कम्पनीः GHOTHAH TRADING ESTABLISHMENT शहर : Riyadh
पूर्व स्वीकृत मितिः २०७८/०४/१२ चलानी नं.: ६०१६०७१३ LT. No.: 242941

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Restaurant Labour | 10 | 0 | स. काममा दक्ष | 1000 | ३१,६७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनीः QETHA WAFIR ESTABLISHMENT शहर : Riyadh
पूर्व स्वीकृत मितिः २०७८/०४/१२ चलानी नं.: ६०१६०७१२ LT. No.: 242942

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Restaurant Labour | 6 | 0 | स. काममा दक्ष | 1000 | ३१,६७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ साउन २५ गते (9 August 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Kathmandu Bright Human Resource Pvt. Ltd.**
श्रम इजाजत नं.: १३१८/०७४/०७५
Boudha-6, Kathmandu, Tel: 01- 517455, 9851001071
Email: info@kathmandubrighthr.com | Web.: www.kathmandubrighthr.com



## कतारमा रोजगारको अवसर
१. कम्पनी :PIVOINE TRADING AND EVENTS शहरः DOHA
पुर्व स्वीकृत मितिः २०७८/04/0८ चलानी नं.: ६०१६०५३१ L.T. No.: 242906 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver | 1 | 0 | स. काममा दक्ष | 1400 | ४५,६६८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी : BLUE STAR RESTAURANT शहरः DOHA
पुर्व स्वीकृत मितिः २०७८/04/0८ चलानी नं.: ६०१६०५३२ L.T. No.: 242905 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३२,६२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Waiter | 1 | 0 | | 1500 | ४८,९३० | | | | | | | |
| 3. | Baker | 1 | 0 | | 1500 | ४८,९३० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ साउन २५ गते (9 August 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**All Rahim Manpower Pvt. Ltd.**
Govt. Lic. No. 1264/074/075
Chandol-4, Kathmandu, Tel : 4444419, 4444429
Email: allrahimhr@gmail.com | Website: www.allrahimmanpower.com

# प्राकृतिक विपदका घटना बढ्दो
# २०७८ मा मात्रै एक हजार ५७४ घटना



**काठमाडौं/मस**–नेपालमा पछिल्ला केही वर्षयता मनसुनजन्यसहित विपद्का घटना बढ्दै गएको छ। एक दशकको तथ्याङ्कलाई हेर्दा विसं २०७२ सम्म विपद्का दुई हजारभन्दा कम घटना भएका थिए। विसं २०७३ पछि विपद्का घटना क्रमशः दुई हजारबाट उकालो लागेकामा पछिल्ला केही वर्ष (विसं २०७५-२०७७) मा भने चार हजार बढी प्राकृतिक विपत्तिका घटना घटेका छन्।

बाढीका कारण हुने मानवीय क्षति घटे पनि पहिराबाट हुने क्षति बढ्दै जाने अर्को जोखिमको विषय बन्न पुगेको छ। अधिकांश घटना मनसुनका बेला भएकाले उक्त तथ्याङ्कले नेपालमा मनसुनजन्य जोखिम थप चुनौतीपूर्ण रहेको देखिएको छ।

विपद् व्यवस्थापन विज्ञ कृष्ण देवकोटा पछिल्ला वर्षमा पहिराबाट हुने विपद् थप चुनौतीपूर्ण बन्दै गएको बताउँछन्।

उनका अनुसार विपद्का दृष्टिले भूकम्पलाई छाडेर हेर्दा पछिल्लो दशक बाढीका कारणले हुने मृत्यु दर घटेको तर पहिराबाट हुने क्षति भने बढेको छ। उनले बाढी र पहिराजन्य घटना भने बढेको छ। यसरी पहिरो बढ्नुमा पहाडी इलाकामा बाटोको सङ्ख्या वृद्धि हुने तर रोकथामका उपाए नअपनाइनु कारक रहेको उनी बताउँछन्। अर्को कारण भने एकै ठाउँमा धेरै पानी (हाँडीघोप्टे पानी) पर्दा भेल पहिराले जनधनको ठूलो क्षति गराएको छ। गएको दुई वर्षमा सिन्धुपाल्चोक, बाग्लुङ, मनाङ, कास्की, तनहुँ, लमजुङ, पर्वतलगायत दर्जन जिल्लामा एकै ठाउँमा बढी पानी परेर भेल पहिरो आएको देखिएको छ।

पछिल्लो एक दशक (विसं २०६८-२०७७) मा विपद्का २४ हजार ५८६ घटना भयो। उक्त विपद्बाट चार हजार ५६ को मृत्यु भएकामा त्यसको आधा मानवीय क्षति बाढी र पहिराले गराएको छ। उक्त अवधिमा सबैभन्दा बाढी पहिराले एक हजार २०५, दोस्रोमा चटचाङ्बाट ९९९, तेस्रोमा बाढीले ७९४ र चौथो नम्बरमा आगलागीले ७१० को ज्यान लियो।

एक दशकको छ वर्ष बाढीले बढी मानवीय क्षति गराएको छ। प्राप्त विवरणअनुसार पहिराबाट बढी क्षति (विसं २०६८, ७०, ७१, ७२, ७३ र ७७ मा क्रमशः १२६, १३१, १२९, १३५, १४७ र ३०१ को मृत्यु) भएको छ। चट्याङ्ले विसं २०६८, ६९ र ७६ मा बढी मानवीय क्षति गरायो। बाढीले २०७४ सालमा मात्रै बढी क्षति (१६६ मृत्यु) गराएको छ भने आगलागीबाट विसं २०७५ सालमा सबैभन्दा बढी ८९ जनाको मृत्यु भयो। विपद्बाट एक दशकमा ८१३ वेपत्ता र आठ हजार २२९ जना घाइते भए।

एक लाख १९ हजार परिवार प्रभावित भएकामा ५२ हजार ८३० घर आंशिक र छ हजार ४५६ घर पूर्ण क्षति भएको छ। यसबाट कूल रु ३८ अर्ब ९५ करोड १४ लाख क्षति भएको प्राधिकरणको तथ्याङ्कमा उल्लेख छ। आगलागी र चट्याङले नजानिँदोरुपमा मानवीय क्षति गराइरहे पनि घटना न्यूनीकरणको प्राथमिकतामा पर्न सकिरहेको छैन। यद्यपि, यसपालिबाट भने आगलागीका घटना नियन्त्रणमा राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले चासो दिन थालेको छ।

यसपटक हेलिकप्टरमार्फत आगलागी नियन्त्रणका प्रयास गरिएको थियो। यो नेपालमै पहिलो अभ्यास भएको प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत अनिल पोखरेल बताउँछन्। विपद्का घटना बढ्न थालेपछि सरकारले आगामी १० वर्षभित्रमा नेपाललाई विपद् उत्थानशील राष्ट्र बनाउने उद्देश्यका साथ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनसम्बन्धी १० वर्षे महाअभियान शुरु गरेको छ। गृह मन्त्रालयको नेपाल विपद् प्रतिवेदन २०१९ अनुसार मनसुनजन्य प्रकोपका कारण वार्षिक झण्डै एक हजारले ज्यान गुमाउने गरेका छन्। जल प्रकोपका कारण हुने मृत्युका हिसाबले नेपाल दक्षिण एशियामा नै सबैभन्दा उच्च जोखिम भएको मुलुकमा पर्छ। भूकम्प र जलप्रकोपबाट बढी क्षति पुग्ने देशमध्ये नेपाल विश्वमा क्रमशः ११औं र ३० औं स्थानमा छ।

जलवायु परिवर्तनको जोखिमका दृष्टिले नेपाल चौथोमा पर्छ। प्राप्त तथ्याङ्कमा नेपालमा ७० देखि ८० प्रतिशत जनसङ्ख्या कुनै न कुनै विपद्को जोखिममा छन्। वार्षिक तीन लाख ३५ हजार जनसङ्ख्या प्रत्यक्ष प्रभावित हुने र तीमध्ये ५० प्रतिशत बालबालिका प्रभावित हुने गरेको छन्। मनसुनजन्य विपद्बाट क्षति रोक्ने पूर्वतयारी प्रमुख उपाय हो। भरपर्दो सूचना सङ्कलन, सम्भावित जोखिम र क्षतिको आँकलन, समयमै आवश्यक सूचना प्रवाह र त्यसबाट उत्पन्न हुने परिस्थितिको सामनाका लागि गर्नुपर्ने तयारी चुस्त बनाउन सकिएन भने विपद्बाट ठूलो धनजनको क्षति हुने सम्भावना हुन्छ।

समय परिस्थिति बुझेर अवश्यक तयारी र सचेतनाका कार्यक्रम नियमित गर्नुपर्ने विज्ञको सुझाव छ। हरेक वर्ष दोहोरिने बाढी, पहिरो, डुबान चटचाङ र आगलागीबाट क्षति रोक्न उच्च तयारी आवश्यक छ।

बाढी पहिराका हिसाबले दशकै सबैभन्दा जोखिम वर्ष २०७७ बन्न पुग्यो। गएको वर्ष मुलुकले अकल्पनीयरुपमा मानवीय क्षति बेहोरेको छ। गत वर्ष औषत् पानी पर्ने अनुमानका बीच केही ठाउँमा अतिवृष्टि भएर भेल पहिरो आएको थियो। यस वर्ष औसतभन्दा बढी पानी पर्ने भनिए पनि सिन्धुपाल्चोक र मनाङबाहेक गत वर्षको तुलनामा कम क्षति छ। यद्यपि, वर्षा भने जारी रहेकाले चुनौती कायमै छ।

यो वर्षको अहिलेसम्म कूल एक हजार ३०८ विपद्का घटना भएका छन्। कूल १५१ जनाको मृत्यु भएको छ भने ३७ जना बेपत्ता छन्। यसमा सबैभन्दा बढी चटचाङबाट ३८ जनाले ज्यान गुमाएका छन्। पहिराले ३४ र बाढीले २६ जनाको ज्यान लिएको छ। पहिराले सबैभन्दा बढी २९ जना बेपत्ता बनाएको छ भने बाढीले सात र हावाहुरीले एक जना बेपत्ता पारेको छ। आगलागीबाट १२ को मृत्यु भएको छ। रु ६३ करोडको भौतिक क्षति भएको छ। यसपालि मुलुकमा सिन्धुपाल्चोक र मनाङलगायत ४८ जिल्लामा ठूलो जनधनको क्षति भएको छ।

विसं २०७७ मा कूल चार हजार २०५ प्राकृतिक विपत्तिमा ५९१ जनाको मृत्यु भएको छ भने १०१ जना बेपत्ता भए। यो दशककै सबैभन्दा बढी मानवीय क्षति भएको वर्ष हो। पहिराले मात्रै ३०१ व्यक्तिको ज्यान लियो भने ६४ बेपत्ता भए। त्यसपछि आगलागीबाट ९७ र चटचाङबाट ७० जनाले ज्यान गुमाएका छन्।

# भारतबाट आएको हात्तीद्वारा धानबाली नष्ट

**कमला भट्टराई/मध्यान्ह**
झापा, १७ साउन

झापाको बाहुनडाँगीमा विद्युतीय तारबार नाघेर भारतबाट आएको जङ्गली हात्तीले धानखेतीमा क्षति पुऱ्याएको छ। विगतमा पाकेको धान, मकै, कोदोलगायतका बाली खाने हात्तीले अहिले लहलह हुर्किंदै गरेका धानका बोट नै खान थालेको मेचीनगर नगरपालिका-४ का शङ्कर लुइँटेलले बताए।

उनका अनुसार आइतबार बिहान आएको एउटा हात्तीले स्थानीयवासी सन्तोष न्यौपाने र भैरवबहादुर गौतमको धानखेत नष्ट गरेको हो। हात्तीले भर्खरै सारेको धानको रोपो सुँढले तानेर गुबो खाने गरेको छ।

कहिले हुल बाँधेर र कहिले एक्लै आउने हात्तीले साँझदेखि बिहानसम्म बाली खाएर क्षति पुऱ्याउन थालेपछि स्थानीयवासी चिन्तित बनेका छन्। पीडित भैरवबहादुर गौतमले चार कट्ठा खेतको रोपो एकै मेलोमा खाइदिएको बताए। उनका अनुसार हात्ती खेद्ने संयन्त्र नहुँदा किसान मारमा परेका छन्। झापाको पूर्वोत्तर क्षेत्र बाहुनडाँगीमा भारतबाट दैनिकजसो जङ्गली हात्ती गाउँमा पस्ने गरेको छ। सरकारले सीमा क्षेत्रमा विद्युतीय तारबार लगाए पनि तारबार भत्किएका ठाउँबाट हात्ती छिर्ने गरेको छ।

हात्ती र कोरोनाको आतङ्क एकैपटक आइलागेका कारण ज्यान जोगाउने कि बाली भन्ने समस्या उत्पन्न भएको अर्का पीडित सन्तोष न्यौपानेले बताए।।

कोरोना सङ्क्रमण नबढोस् भनेर नगरपालिकाले सिलबन्दी गरेको र जिल्ला प्रशासन कार्यालयले निषेधाज्ञा लगाएको छ। बाढीबाट ४२ को मृत्यु र ३७ वेपत्ता भए।

विसं २०७६ मा चार हजार ३४ विपद्का घटनामा ३८१ को मृत्यु भएको छ। कूल ४८ जना बेपत्ता भए। यस वर्ष सबैभन्दा बढी चट्याङका कारण ८८ जनाले ज्यान गुमाए। पहिरोले ८३ र बाढीले ७३ को ज्यान लियो। विसं २०७५ मा वर्ष चार हजार १७२ घटनामा ३६६ को मृत्यु भएको छ। जसमा सबैभन्दा बढी आगलागी र पहिराका कारण क्रमश ८९ र ८८ ले ज्यान गुमाए। विसं २०७४ मा दुई हजार ६२९ घटनामा ४४८ को मृत्यु भयो।


## साउदीमा रोजगार अवसर | कम्पनी: ARAK EXPERTISE CONTRACTING EST.
शहर: Jubail

पुर्व स्वीकृत मिति: २०७८/०३/२९ चलानी नं.: ६०१६०१०९ LT. No.: 239971 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labor | 5 | 0 | स. काममा दक्ष | 1000 | ३१,६७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ साउन २५ गते (9 August 2021) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | रु. १०,०००/- रोजगार दाताले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**ईमास्को नेपाल प्रा. लि.**
श्रम ईजाजत नं. ११७/०५५/०५६
गोंगबु, सामाखुसी, काठमाडौं, नेपाल, फोन: ४३६२७०८, ४३५०३८१ ९८०६६५४५७१
फ्याक्स नं.: ४३५७७०८, Mob.: 9818191788, 9808505819



## SAUDI मा रोजगारको अवसर | कम्पनी: NAJMAT AL-ENJAZ GAS STATION
शहर: Riyadh

पूर्व स्वीकृत मिति: २०७८/04 /१७ चलानी नं.: ६०१६०९३७ L.T. No.:243147

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factor Packaging By Hand | 2 | 0 | स. काममा दक्ष | 1200 | ३८,००४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ साउन २५ र २६ गते (9 & 10 Aug. 2021) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | नि:शुल्क |

